# प्रभाव दैनिक
National Daily

वर्ष १० अंक ३०१ काठमाडौं बिहीबार, १७ फागुन २०८० Prabhab National Daily Thursday, February 29, 2024 www.prabhabonline.com पृष्ठ ८ मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/
९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com


माओवादी केन्द्रमा असन्तुष्टि

## दाहालविरूद्ध खगराज र जनार्दन एक ठाउँ






कार्यविभाजन सही भएन । विधान अधिवेशनको ह्याङओभरबाट जिम्मा दिने काम गरियो । मलाई जिम्मेवारविहीन बनाइयो ।

**जनार्दन शर्मा**
उपमहासचिव



स्थायी समितिको निर्णयलाई मैले मेरो राजनीतिक र व्यक्तिगत जीवन समाप्त गर्ने निर्णयको रूपमा बुझेको छु । मेरो ३४ वर्षको राजनीतिक र संगठनात्मक जीवन समाप्त पार्ने डिजाइनको प्रतिवाद गर्छु ।

**खगराज भट्ट**
स्थायी कमिटी सदस्य

**प्रभाव संवाददाता**

**काठमाडौं–** सुदूरपश्चिम प्रदेश इन्चार्ज तोकिएको विषयले नेकपा माओवादी केन्द्रमा जनार्दन शर्मा र खगराज भट्ट असन्तुष्टि बनेका छन् । दुवै नेताले पछिल्लो कार्यविभाजनप्रति असन्तुष्टि पोखेका हुन् ।

'कार्यविभाजन सही भएन । विधान अधिवेशनको ह्याङओभरबाट जिम्मा दिने काम गरियो । मलाई जिम्मेवारविहीन बनाइयो,' बुधबार पार्टीको स्थायी कमिटी बैठक सकिनासाथ पेरिसडाँडामा शर्माले आक्रोश पोखे ।

माओवादी केन्द्रको स्थायी कमिटीले सुदूरपश्चिमको इन्चार्ज गिरिराजमणि पोखरेललाई बनाएकोमा दुवै नेताको असन्तुष्टि हो । केन्द्रीय सदस्यलाई उक्त जिम्मेवारी दिएको भन्दै शर्माले असन्तुष्टि जनाए भने भट्ट आफूले नपाएकोमा असन्तुष्ट बनेका हुन् ।

माओवादीले कोशी प्रदेशको इन्चार्जमा हरिबोल गजुरेल र सहइन्चार्ज सावित्रीकुमार काफ्ले, मधेसको इन्चार्जमा लिलामणि पोखरेल र सहइन्चार्जमा विश्वनाथ साह तोकेका छन् । बागमती प्रदेशको इन्चार्जमा अग्निप्रसाद सापकोटा तोक्दा सहइन्चार्ज खाली राखिएको छ । यता गण्डकी प्रदेश इन्चार्ज दिनानाथ शर्मा र सहइन्चार्ज हरिराज अधिकारी, लुम्बिनीको इन्चार्जमा चक्रपाणि खनाल र सहइन्चार्ज कुलप्रसाद केसीलाई तोकिएको छ ।

यस्तै, कर्णालीमा कालीबहादुर मल्ललाई इन्चार्ज बनाइएको छ । यहाँ सहइन्चार्ज तोकिएका छैन । (क्रमशः पृष्ठ २ मा)

इपिजी प्रतिवेदन

# भारत बुझ्न अनिच्छुक, नेपाल इच्छुक

- प्रतिवेदन तयार भएको ६ वर्ष हुन लाग्यो तर भारतीय प्रधानमन्त्री प्रतिवेदन बुझ्न अनिच्छुक
- भारतीयहरूलाई नेपाल प्रवेशमा परिचयपत्र/राहदानी हुनुपर्ने र उनीहरूको अभिलेख राख्नुपर्ने सुझावले नरेन्द्र मोदी रूष्ट

दुवै देशले सहमतिबाट गठन भएको र प्रतिवेदन तयार भएको हुनाले दुवै सरकारले एकैचोटि सहमतिबाट नै त्यो बुझ्ने र घोषणा गर्ने गर्दा राम्रो हुन्छ भनेर आन्तरिक गृहकार्य चलिराखेको जानकारी गराउन चाहन्छु । यदि त्यो हुनै सकेन भने के गर्ने भन्नेबारेमा माननीय सदस्यहरूले भनेको जस्तो, नेपालले निर्णय लिनुपर्ने अवस्था आउँछ भन्ने मलाई पनि लागेको छ ।

**पुष्पकमल दाहाल**
प्रधानमन्त्री



बुधबार राष्ट्रिय सभाको राष्ट्रिय सरोकार तथा समन्वय समितिको बैठकमा प्रधानमन्त्री पुष्पकमल दाहाल । *तस्बिरः रासस*

**जेबी योञ्जन**

**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहालले नेपाल–भारत प्रबुद्ध व्यक्ति समूह (इपिजी)को प्रतिवेदन भारतले नबुझे नेपालले बुझेर सार्वजनिक गर्ने बताएका छन् । समूहले तयार गरेको प्रतिवेदन दराजमा थन्किएको छ वर्ष हुनै लाग्दा प्रधानमन्त्री दाहालको यस्तो धारणा आएको हो ।

प्रतिवेदन दुवै देशले संयुक्त रूपमा बुझ्नका लागि कूटनीतिक तहमा पहल भने जारी रहेको उनले बताए । 'दुवै देशले सहमतिबाट गठन भएको र प्रतिवेदन तयार भएको हुनाले दुवै सरकारले एकैचोटि सहमतिबाट नै त्यो बुझ्ने र घोषणा गर्ने गर्दा राम्रो हुन्छ भनेर आन्तरिक गृहकार्य चलिराखेको जानकारी गराउन चाहन्छु । यदि त्यो हुनै सकेन भने के गर्ने भन्नेबारेमा माननीय सदस्यहरूले भनेको जस्तो, नेपालले निर्णय लिनुपर्ने अवस्था आउँछ भन्ने मलाई पनि लागेको छ,' बुधबार राष्ट्रिय सभाको राष्ट्रिय सरोकार तथा समन्वय समितिको बैठकमा एमाले सांसद रामचन्द्र राईको प्रश्नको जवाफ दिँदै दाहालले भने ।

नेपाल–भारतबीच भएका असमान सन्धि सम्झौतादेखि द्विपक्षीय सम्बन्धको सबै पक्षमा छलफल गरेर सरकारलाई सुझाव पेस गर्न गठित इपिजीले २०७५ सालमै प्रतिवेदन तयार पारेको थियो । समूहका सदस्यहरूका अनुसार प्रतिवेदनमा समावेश गरिएका सुझावहरू नेपाल–भारतबीचको सम्बन्धलाई नयाँ आयाम दिने खालका छन् । तर प्रतिवेदन बुझ्न भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी अझैसम्म अनिच्छुक छन् । नेपालका प्रधानमन्त्री दाहालले पनि चासो दिएका थिएनन् । तर, बुधबार भने उनले नेपाल एक्लैले भए पनि प्रतिवेदन बुझेर सार्वजनिक गर्नुपर्ने बताए ।

इपिजीका नेपालका सदस्य डा. राजन भट्टराईका अनुसार समूहले दुई वर्ष लगाएर प्रतिवेदन तयार गरेको हो । प्रतिवेदन सुरुमा भारतीय प्रधानमन्त्री मोदीलाई बुझाउने समूहमा समझदारी पनि भएको थियो । त्यसपछि नेपालका प्रधानमन्त्रीलाई बुझाउने र पत्रकार सम्मेलन गरी दुई देशकै जनतालाई थाहा दिने भनिएको थियो ।

तर, मोदी केही असहमति प्रकट गर्दै प्रतिवेदन बुझ्न मानिरहेका छैनन् । सरकारले पनि प्रतिवेदन बुझ्नका लागि भारत सरकारसँग प्रभावकारी कूटनीतिक पहल गर्न सकेको छैन । समूहका नेपाल संयोजक डा. भेषबहादुर थापाले भने दुवै देशका प्रधानमन्त्री तहबाट बुझ्ने काम नभए विकल्पबारे सोचिने यसअघि नै चेतावनी दिइसकेका छन् । उनले भनेको नयाँ विकल्प दुवै देशका प्रधानमन्त्रीले नबुझेको अवस्थामा समूह आफैंले प्रतिवेदन नागरिकको जानकारीका लागि सार्वजनिक गर्ने हो ।

यसअघि प्रतिवेदन तयार गरेर हस्तान्तरण गर्न प्रधानमन्त्री मोदीसँग समूहले पटक–पटक समय नमागेको पनि होइन । व्यस्तताको कारण देखाउँदै उनले समय नदिएको भट्टराई बताउँछन् । उनका अनुसार मोदी प्रतिवेदनको केही मुद्दामा असहमत छन् । उनले प्रतिवेदन सच्याउन पनि भनेका थिए । केही प्रावधान सच्याइएको पनि उनले प्रभावसँग भने ।

प्रतिवेदनमा इपिजीले नयाँ सन्धिबाट सन् १९५० को असमान सन्धि प्रतिस्थापन गर्नुपर्ने सुझाव दिएको छ । एकअर्काको देशमा लामो समय बस्ने नेपाली तथा भारतीयलाई सन्धिअनुसार के–के सुविधा दिने विषयमा पनि समूहमा छलफल भएको थियो । तर, त्यसमा भारतका तर्फबाट इपिजी सदस्य रहेका भगतसिंह कोसियारीले भारतको पक्षमा प्रतिवेदनले खासै केही नबोलेको टिप्पणी गर्दै आएका छन् । तर, डा. भट्टराई भने प्रतिवेदनमा नेपाल–भारतको सीमालाई नियमन तथा अनुगमन गर्नेबारे निकै महत्त्वपूर्ण सुझावहरू रहेका बताउँछन् । यसमा भारतीय नागरिकलाई लक्षित गरेर नेपालले परिचयपत्र वा पासपोर्ट नै लागू गर्नैपर्ने सुझाव मुख्य रहेको उनले बताए ।

नेपालले परिचयपत्र अथवा पासपोर्ट नै लागू गर्नुपर्ने प्रतिवेदनमा भनेको छ । उता, भारत भने पासपोर्ट लागू गरेर सीमा बन्द गर्ने पक्षमा छैन । सीमा बन्द भयो भने नेपाल–भारतबीच रहेको सदियौंको सम्बन्धमा असर पर्ने भारतको बुझाइ छ । त्यसकारण सीमा नियमन गर्ने तर पासपोर्ट अथवा परिचयपत्र लागू गरेर सीमा बन्द गर्ने पक्षमा भारत छैन ।

(क्रमशः पृष्ठ २ मा)

**सन्दर्भः वैदेशिक रोजगार**

इजरायलमा रोजगारी

## केयर गिभरबाहेकका कामदार अब म्यानपावरबाट

**मोहनप्रसाद पन्त**

**काठमाडौं–** सरकारले इजरायलमा दीर्घकालीन स्याहार केन्द्रमा सहायक कामदार (केयर गिभर) बाहेक अन्य क्षेत्रमा म्यानपावर कम्पनीबाटै कामदार पठाउने तयारी गरेको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले अन्य मुलुकबाट पनि रिक्रुटिङ एजेन्सीमार्फत नै इजरायलमा कामदार पठाइरहेको कारण आकर्षक रोजगारीको अवसर गुम्न नदिन म्यानपावर कम्पनीबाटै कामदार पठाउन सकिने व्यवस्था गरेको हो ।

अन्य मुलुकले एजेन्सीबाटै इजरायलमा कामदार पठाइरहेको सन्दर्भमा नेपालले पनि खुला गर्नु उचित देखिएकाले म्यानपावरबाट कामदार पठाउन सरकारले रोक नलगाउने मन्त्रालयका सचिव केवलप्रसाद भण्डारीले बताए । 'हामीले (नेपाल) केयर गिभरमामात्रै कामदार पठाउने गरी सम्झौता गरेका हौं,' उनले भने, 'अहिले अन्य क्षेत्रमा पठाउनका लागि त्यहीअनुसारको मेकानिजम (संयन्त्र) बनाउन सम्भव छैन र इजरायललाई पनि अरू मुलुकजस्तै खुला गर्ने नै हो ।' इजरायलमा म्यानपावरमार्फत नै कामदार पठाउने सम्बन्धमा परराष्ट्र मन्त्रालयले पनि राय दिइसकेको सचिव भण्डारीले बताए ।

इजरायलले खुलाबजार (रिक्रुटिङ एजेन्सी)बाटै कामदार आपूर्ति गर्ने भएकाले यसलाई रोक्न नसकिने उनले बताए ।



रोजगारीको अवसरलाई गुम्न नदिन पनि सरकारले लचकता अपनाएको उनको भनाइ छ । 'हामी सरकारी मेकानिजमतिर लाग्ने, फेरि सम्झौता गरौं भन्ने कुरा गर्न थाल्यौं भने एउटा आकर्षक श्रमबजार गुम्छ,' उनले भने, 'इथिकल रिक्रुटमेन्ट हुनुपर्छ, यसका लागि आवश्यक मापदण्ड पनि बन्ने छ, कामदार छनोट तथा भर्ना प्रक्रियाको अधिकार निजी क्षेत्रलाई नै हुने छ ।' यसरी कामदारलाई इजरायल मात्र नभई जापान र कोरिया पठाउने सम्बन्धमा हाल सेवा शुल्क तथा अन्य खर्च नतोकिए पनि इथिकल रूपमै पठाउनेगरी कार्यविधि तयार भइरहेको मन्त्रालयले जनाएको छ ।

भर्खरै मात्र जापानमा स्पेसिफाइड स्किल्ड वर्कर्स (एसएसडब्ल्यू) प्रणाली अन्तर्गत निश्चित सीपयुक्त कामदार पठाउन कार्यविधि निर्माण गरी म्यानपावर कम्पनीलाई जिम्मा दिएको सरकारले इजरायलको केयर गिभरबाहेक अन्य क्षेत्रमा कामदार पठाउने अधिकार पनि म्यानपावरलाई नै सुम्पेको छ । सरकारको यो निर्णयबाट व्यवसायीहरू उत्साहित भएको नेपाल वैदेशिक रोजगार व्यवसायी संघका महासचिव मेघनाथ भुर्तेलले बताए ।

'नेपाल सरकार र इजरायल सरकारबीच भएको जिटुजी सम्झौताअनुरूप केयर गिभरबाहेक अन्य कृषि, औद्योगिक, निर्माणलगायतका क्षेत्रमा हामीले कामदार पठाउन पाउनुपर्छ भन्दै लामो समयदेखि माग गर्दै आएका थियौं,' उनले भने ।

(क्रमशः पृष्ठ २ मा)

### ठगी आरोपमा म्यानपावर सञ्चालकसहित २ पक्राउ

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगारीका लागि विभिन्न मुलुक पठाइदिन्छु भन्दै प्रलोभनमा पारी ठगी गरेको आरोपमा म्यानपावर सञ्चालकसहित दुईजना पक्राउ परेका छन् । पक्राउ पर्नेमा सप्तरीको बोदेबर्साइन नगरपालिका–६ घर भई हाल काठमाडौं बबरमहल बस्ने सन्तोषकुमार चौधरी र पाथिभारा एचआर म्यानपावरकी सञ्चालक गोमा गिरी क्षेत्री रहेका छन् ।

चौधरीले राजलाल मुखियालाई कतार पठाई मासिक ६० हजार रूपैयाँ तलवमा एक प्रतिष्ठित कम्पनीमा काम लगाइदिने प्रलोभनमा पारी रकम ठगी गरेको प्रहरीले जनाएको छ । उनले पीडितसँग पटक–पटक गरी एक लाख ९० हजार रूपैयाँ लिएर फरार भएको प्रहरी अनुसन्धाबाट खुलेको छ । फरार रहेका चौधरीलाई खोजतालासका क्रममा बबरमहलबाटै पक्राउ गरिएको बताइएको छ ।

त्यस्तै म्यानपावर कम्पनी सञ्चालन गर्दै आएकी गिरीले राजकुमार थापालाई मासिक एक लाख ५० हजार रूपैयाँ तलब हुने गरी माल्टाको एक प्रतिष्ठित कम्पनीमा काम लगाइदिने भन्दै ठगी गरेको बताइएको छ । उनले पीडितबाट पटक–पटक गरी १४ लाख रूपैयाँ लिएर सम्पर्कविहीन भई ठगी गरेको प्रहरीले उल्लेख गरेको छ । फरार अवस्थामा रहेकी गिरीलाई सुकेधाराबाट पक्राउ गरिएको प्रहरीले जनाएको छ । (क्रमशः पृष्ठ २ मा)




पृष्ठ १ बाट क्रमशः

## दाहालविरुद्ध...

सुदूरपश्चिमको सहइञ्चार्ज बिना मगर तोकिएका छन् । आफू सुदूरपश्चिममा शीर्ष नेता भएको दाबी गर्दै भट्टले प्रधानमन्त्रीसमेत रहेका पार्टी अध्यक्ष पुष्पकमल दाहाललाई पत्र लेखेर पछिल्लो निर्णयले आफ्नो राजनीतिक जीवन नै समाप्त पार्न खोजिएको दाबी गरेका छन् । स्थायी समितिको निर्णयप्रति गम्भीर असहमति शीर्षकमा लेखिएको पत्रमा भनिएको छ, 'हाम्रो पार्टी नेपाल कम्युनिस्ट पार्टी माओवादी केन्द्रको प्रथम विधान अधिवेशनको दिशा निर्देशलाई लत्याउँदै, सुदूरपश्चिम प्रदेशका हजारौं कार्यकर्ता र लाखौं जनसमुदायको आशा र भरोसामाथि बज्रपात गर्दै स्थायी समितिको बैठकबाट गरिएको संगठनात्मक र संसदीय कार्यविभाजन सम्बन्धमा गम्भीर आपत्ति र असहमति व्यक्त गर्दछु ।'

खगराजले पार्टीको निर्णयका कारण आफूले नयाँ कदम लिनुपर्ने अवस्था आउन सक्नेसमेत संकेत गरेका छन् । 'स्थायी समितिको निर्णयलाई मैले मेरो राजनीतिक र व्यक्तिगत जीवनलाई समाप्त गर्ने निर्णयको रूपमा बुझेको छु । स्थायी समितिको निर्णयबाट मेरो ३४ वर्षको राजनीतिक र संगठनात्मक जीवनलाई समाप्त पार्ने डिजाइनअन्तर्गत राजनीतिक आत्महत्याको दिशामा धकेल्ने कदमको प्रतिवाद गर्दै आगामी दिनमा सुदूरपश्चिमका हजारौं नेता, कार्यकर्ता र लाखौं जनसमुदायको सल्लाहबमोजिम अगाडि बढ्ने जानकारी गराउँदछु ।'

भट्ट सुदूरपश्चिममा माओवादीका शीर्ष नेता मानिन्छन् । तर माघ १२ गते भट्टलाई सुदूरपश्चिम संसदीय दलको नेताबाट हटाइएको थियो । आफूलाई क्रमशः पदबाट हटाउँदै गएको र सुदूरपश्चिमको इञ्चार्जको जिम्मेवारी नपाएपछि भट्टले असन्तुष्टि पोखेका हुन् । भट्टको जिम्मेवारी खोसिएकोमा शर्मालेसमेत असन्तुष्टि जनाएका छन् । 'खगराज भट्टलाई दलको नेता र इञ्चार्ज दुवैबाट पदच्युत गरी विकल्प नदिई अपमानित गरिएको छ । सो प्रदेशमा हाललाई बिना मगरलाई सह इञ्चार्ज बनाउनुले सेती महाकालीमा पार्टीलाई अस्तव्यस्त पार्ने मात्र नभई कतिपय कामरेडलाई यो पार्टीमा स्थान नै छैन भन्ने सन्देश दिन गरिएको निर्णय आफैंमा गम्भीर छ,' पार्टीमा पेस गरेको शर्माको पत्रमा भनिएको छ, 'खगराज भट्टलाई यो वा त्यो जिम्मेवारीबाट सन्तुलन नगरी राजनीतिक रूपबाट विस्थापित र अपमानित गर्ने कार्यप्रति आपत्ति प्रकट गर्दछु ।' बिना माओवादी अध्यक्ष दाहालकी बुहारी हुन् ।

यसैगरी नारायण दाहाललाई सहइञ्चार्ज तोकिएकोमा पनि शर्माले असन्तुष्टि पोखेका छन् । राष्ट्रिय सभामा सदस्य रहेका नारायण नातामा प्रधानमन्त्री दाहालका भाइ पर्छन् । यद्यपि शर्माको विरोधपछि माओवादीले नारायणलाई सहइञ्चार्ज बनाएको निर्णय सार्वजनिक गरेको छैन ।

### राष्ट्रिय सभाको अध्यक्षमा उम्मेदवारी दिने

माओवादी केन्द्रले राष्ट्रिय सभा अध्यक्षको निर्वाचनमा पार्टीका तर्फबाट उम्मेदवारी दिने भएको छ । 'यद्यपि, यस सम्बन्धमा गठबन्धनभित्र पनि छलफल हुने छ, छलफलबाटै निष्कर्षमा पुगिने छ, अहिले हाम्रो पार्टीले पनि उम्मेदवारी दिने निर्णय गरेको छ,' सापकोटाले भने । बैठकमा राष्ट्रिय सभा अध्यक्षमा माओवादीले दाबी गर्नुपर्छ भनेर अधिकांश सदस्यले धारणा राखेको उनको भनाइ छ ।

राष्ट्रिय सभा अध्यक्षको पद यही २० फागुनदेखि रिक्त हुँदै छ । उक्त पदमा सत्ता गठबन्धनमै रहेका नेपाली कांग्रेसका कृष्णप्रसाद सिटौलाको पनि दाबी रहेको छ ।

### चुनावमा गठबन्धन नगर्ने

कांग्रेस महासमितिको झल्को दिनेगरी माओवादी केन्द्रले पनि आउँदो निर्वाचनमा एक्लै चुनाव लड्ने निर्णय गरेको छ । स्थायी कमिटी बैठकमा माओवादीले अब आउने निर्वाचनमा एक्लै निर्वाचन लड्ने निर्णय गरेको प्रवक्ता सापकोटाले बताए ।

नेपाली कांग्रेसको फागुन ७ देखि १० गतेसम्म भएको महासमिति बैठकले गठबन्धन नगरी चुनाव लड्ने निर्णय गरेको थियो । त्यसैले माओवादीले पनि चुनावमा एक्लै लड्ने निर्णय गरेको बताइएको छ ।

'अब आउने चुनावमा पार्टीले स्वतन्त्र रूपमा एक्लै प्रतिस्पर्धा गर्ने भनेर भनेका छौं,' उनले भने, 'यो विषय कार्यनीतिक विषय हो, रणनीतिक होइन । तर हाम्रो पार्टीले एक्लै प्रतिस्पर्धा गर्नेगरी तयारी गर्नुपर्छ भनेर भनिएको छ ।'

बैठकले आगामी चैत १ गतेदेखि गर्ने भनिएको मधेस तराई राष्ट्रिय जागरण अभियान आगामी चैत १५ गतेदेखि गर्ने निर्णय गरेको छ । समय अपुग भएकाले तयारीका लागि उक्त अभियान १५ दिनपछि सारिएको प्रवक्ता सापकोटाले जानकारी दिए । उनका अनुसार बैठकले हिमाल, पहाड, मधेस राष्ट्रिय एकता अभियान वैशाख १५ देखि सञ्चालन गर्ने निर्णयसमेत गरेको छ ।

बैठकमा मिटरब्याजी, लघुवित्त समस्याका बारेमा वार्ता भइरहेकाले त्यसलाई सार्थक निष्कर्षमा पुर्‍याउन सरकारको ध्यानाकर्षण गराएको छ । साथै दुग्ध किसानलगायत समस्या तत्काल समाधान गर्न सरकारसँग आग्रह गरेको प्रवक्ता सापकोटाले जानकारी दिए ।

■■■

## भारत बुझ्न...

प्रतिवेदनअनुसार नेपाल र भारतबीच पारस्परिक र समानताका आधारमा सम्बन्ध स्थापित गर्न सन् १९५० को शान्ति तथा मैत्रीसन्धि बाधक देखिएको छ । नेपालमा कायम विवादलाई सदाका लागि मत्थर पार्न सन् १९५० को सन्धि पुनरवलोकन मात्रै नभई प्रतिस्थापन गर्नुपर्ने उल्लेख छ ।

प्रतिवेदन बुझेर अन्ततः कार्यान्वयन गरेको अवस्थामा भने नेपाल आएका भारतीयहरूको अभिलेख राखिने छ । सन् १९५० को नेपाल-भारत शान्ति तथा मैत्रीसन्धि खारेज हुने छ ।

इपिजी १४ माघ २०७२ मा गठन भएको हो । समूहको पहिलो बैठक २० र २१ असार २०७३ मा काठमाडौंमा बसेको थियो । समूहलाई सन् १९५० को नेपाल-भारत शान्ति तथा मैत्रीसन्धिसहितका असमान सन्धि सम्झौता पुनरवलोकन तथा दुईपक्षीय विवादित विषयमा अध्ययन गरी सुझाव दिने कार्यादेश थियो । सोहीअनुसार समूहले प्रतिवेदन तयार गरेको हो ।

समूहमा भारतका तर्फबाट तत्कालीन भारतीय पूर्वराजदूत जयन्त प्रसाद, जवारलाल नेहरू विश्वविद्यालयका प्राध्यापक डा. महेन्द्र पी. लामा, भारतीय जनता पार्टीका उपाध्यक्ष भगतसिंह कोस्यारी र बिसी उप्रेती रहेका थिए । हाल उप्रेतीको निधन भइसकेको छ । नेपालको तर्फबाट डा. थापा, नीलाम्बर आचार्य, डा. भट्टराई र सूर्यनाथ उपाध्याय समूहमा छन् ।

२०६८ कात्तिकमा तत्कालीन प्रधानमन्त्री डा. बाबुराम भट्टराईको भारत भ्रमणका क्रममा भट्टराई र उनका भारतीय समकक्षी मनमोहन सिंहले संयुक्त रूपमा जारी गरेको विज्ञप्तिको बुँदा १८ र १९ मा सन् १९५० सन्धि आदि विषयमा छलफल गर्न प्रबुद्ध व्यक्तिहरूको समूह नेपाल-भारत दुवैतर्फ गठन गर्ने सैद्धान्तिक सहमति भएको थियो । तीन वर्षपछि २०७१ साउनमा मोदीले नेपाल भ्रमण गर्दा इपिजीको विषयमा चर्चा भएको थियो । त्यसबेला नेपालका प्रधानमन्त्री सुशील कोइराला थिए । कोइराला र मोदीले संयुक्त रूपमा जारी गरेको विज्ञप्तिको १३ नम्बर बुँदामा स्वतन्त्र र गैरसरकारी संयन्त्रका रूपमा प्रबुद्ध समूह गठन गर्न दुवै सरकार सहमत भएको उल्लेख थियो ।

२०७२ सालमा केपी शर्मा ओली प्रधानमन्त्री हुँदा इपिजी गठन भएको थियो ।

■■■

## केयर गिभरबाहेक...

'इजरायल मात्र होइन, जापान र कोरियामा पनि म्यानपावरमार्फत नै कामदार पठाउनुपर्नेमा हाम्रो जोड थियो, जापानको पनि माग सम्बोधन भएको छ, अब कोरियाको इ-सेभेन भिसामा कामदार पठाउने विषयमा पनि सरकारले छिट्टै निर्णय गर्छ भन्ने विश्वास छ ।'

श्रम मन्त्रालयले सरकारीस्तरबाटै इजरायलमा कामदार पठाउनुपर्ने बाध्यता हटाएसँगै म्यानपावर व्यवसायीलाई कामदारको माग संकलन तथा भर्ना प्रक्रियाका लागि बाटो खुलेको छ । सरकारको यस नीतिसँगै काठमाडौं इन्टरनेसनल इन्कर्पोरेट प्रालिले पहिलोपटक इजरायलबाट २०० जना कृषि कामदारको माग ल्याएको जनाएको छ । उक्त म्यानपावरले मागपत्र प्रमाणीकरण एवं वैदेशिक रोजगार विभागबाट पूर्वस्वीकृति लिएर कामदार छनोटका लागि सूचना आह्वानसमेत गरिसकेको छ ।

■■■

## ठगी आरोपमा...

उनीहरूले पीडितबाट रकम लिएर सम्पर्कविहीन भएको उजुरीका आधारमा वैदेशिक रोजगार विभाग काठमाडौंले पक्राउ गरी उपस्थित गराइदिन प्रहरीलाई पत्राचार गरेको थियो । सोही आधारमा पक्राउ परेका उनीहरूलाई थप अनुसन्धान तथा कारबाहीका लागि विभागमा बुझाइएको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरी उपरीक्षक रविन्द्र रेग्मीले जानकारी दिए ।


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : FAJAA MURUDANA SDN. BHD.

पूर्व स्वीकृति मिति : २०७९/१०/०६ पुन विज्ञापन स्वीकृति मिति: २०८०/११/१६ LT. No. 279705 चलानी नं.६०२१०६९५

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Cleaning Worker | 70 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन २४ गते (7th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्याहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्याहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1352/074/075

Omega International Pvt. Ltd.

Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com, Website : www.omeganepal.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BEST RAW CHAINS TRADING COMPANY

पूर्व स्वीकृति मिति : २०८०/११/१५ LT. No.300708 चलानी नं. ६०२१५६१२

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Loading and Unloading Labor | 12 | 0 | 1200 | ४२,४८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन २४ गते (7th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्याहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्याहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

TARGET श्रम ईजाजत नं.८३३/०६६/०६७

Target Consultant Human Resources Pvt. Ltd.

Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : RAWAN BINT MOHAMMED BIN ABDULAZIZ AL-ASKAR TRADING ESTABLISHMENT

पूर्व स्वीकृति मिति: २०८०/११/१६ LT No. 300715 चलानी नं. ६०२१५५९६

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Kitchen Worker | 1 | 0 | 1000 | ३५,४०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन २४ गते (7th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्याहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्याहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Faraz International Overseas Pvt. Ltd

Govt. License 1553/079/80

Dhumbarai Mandikhatar, Budhanilkantha 9, Kathmandu, Nepal,
Contact: 9847416116, Email: hiringalfaraz@outlook.com


## बीमालेख हरायो

मिति २०८०/१०/०९ गते, कमलपोखरीदेखि लोकन्थलीसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको बीमालेख हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन विनम्र अनुरोध गर्दछु ।

**नाम : पराग कार्की**
**बीमालेख नं : १०७०२५४३०**
**Nepal Life Insurance**
**ठेगाना : कमलपोखरी-१, काठमाडौं**
**सम्पर्क नं : ९८४३५६३०३९**

## Aandhikhola Rural Municipality

Office of Rural Municipal Executive

Krishi, Syangja, Gandaki Province, Nepal

**Invitation for Bids for the**

**Construction of Pradhumna Paneru Secondary School Hostel Building**

Contract Identification No:- ANDH-W-NCB-BLDG-10-080-81

**Date of publication:- 29 February 2024**

1. The Aandhikhola Rural Municipality, Office of Rural Municipal Executive Krishi Syangja invites electronic bids from eligible bidders under National Competitive Bidding procedures.

| Contract ID | Description and Location Of Work | Approved Estimated Amount (Without VAT&PS) Nrs. | Bid Document Fee(Nrs) | Bid Security Amount(Nrs) | Bid Validity Security Period |
|---|---|---|---|---|---|
| ANDH-W-NCB-BLDG-10-080-81 | Construction of Pradhumna Paneru Secondary School Hostel Building | 14,511,734.69 | 3000.00 | 4,40,000 | 120 Days |

2. Information to deposit the cost of Bidding Document and bid bond in bank:

| Office Name | Aandhikhola Rural Municipality, Krishi, Syangja | Last Date Of Submission | Pre Bid Meeting |
|---|---|---|---|
| Name of Bank | NIC Asia Bank Ltd, Krishi branch | 31 March 2024, 12.00 hrs | 13 March, 2024, 13.00 hrs |
| Dharautti Account no: | N4CA052540052402 Dharautti (ga-3) | | |
| Rajaswa Sirsak No: | 2342050028676002 Revenue Heading Ga-1.1 | | |

3. Bidder can only bid electronically through e-procurement section of PPMO's Website http//www.bolpatra.gov.np/egp.
4. Online bids must be valid for a period of 90 days for tenders counting from the day of bid opening and must be accompanied by bid security which shall be valid for minimum 30 days beyond the bid validity period.
5. Any conditions far not covered shall be as per public procurement act 2063 and public procurement Regulation 2064 (Amendment-2078). Any amendment in tender notice shall be published in e-procurement section.
6. Bank guarantee shall be in the format specified in the bid documents otherwise rejected.
7. Aandhikhola Rural municipality, Office of Rural municipal Excecutive section reserves the right to reject or accept or cancel any bid partially or full . Any other information regarding the bid is provided in the bid documents.

**Chief Administrative Officer**

## कर्मचारी हटाइएको सम्बन्धी सूचना

यस Minawa Recruitment H.R. Pvt Ltd (Eshaman Manpower Pvt Ltd) (ई.प.नं.११६८/०७३/०७४)मा **चन्द्रगिरी-२, काठमाडौं घर भएका प्रतिमा सुवेदी** (Citizenship No. 27641/2046) ले यस प्रा. लि. मा काम गर्दै आउनु भएको र आफ्नो व्यक्तिगत काम विशेषका कारण उहाँले राजीनामा दिनु भएको हुनाले निज व्यक्तिसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

MINAWA Govt.Lic. No- 1168/073/074

MINAWA RECRUITMENT H.R. PVT LTD

Sinamangal-9, Sambhu Margh, Kathmandu, Nepal
T: +977-01-4112754 | E:-minawarecruitment@gmail.com | w:-www.minawarecruitment.com

## युनिभेष्ट बचत तथा ऋण सहकारी संस्था लिमिटेडको चौधौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

मिति २०८०/११/१० गते बसेको संचालक समितिको बैठकको निर्णय अनुसार यस संस्थाको **चौधौं** वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुलाई उपस्थित भई दिनु हुनको लागि हार्दिक अनुरोध गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान:**

सभा हुने मिति : २०८०/११/३० गते **(मार्च १३, २०२४)**
स्थान : संस्थाको कार्यालय भवन, धर्मपथ, काठमाण्डौं ।
समय : बिहान ११:०० बजे ।

**छलफलका विषयहरु**

१. सञ्चालक समिति तर्फबाट अध्यक्षज्यूले प्रतिवेदन उपर छलफल गरि पारित गर्ने सम्बन्धमा ।
२. आ.व २०७८/२०७९ को लेखा परिक्षण प्रतिवेदन उपर छलफल गरि पारित गर्ने सम्बन्धमा ।
३. आ.व २०७९/२०८० को लागि लेखा परिक्षकको नियुक्ति र निजको पारिश्रमिक तोक्ने सम्बन्धमा ।
४. वार्षिक साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्नको लागि शेयरधनिको तर्फबाट र सञ्चालक समितिको तर्फबाट प्रतिनिधि छनौट गर्ने सम्बन्धमा ।
५. विविध ।

अध्यक्ष
सञ्चालक समिति

## काठ/दाउरा संकलन सम्बन्धी सूचना

**प्रभाव दैनिकमा पुनः सूचना प्रकाशित मिति: २०८०/११/१७**

डिभिजन वन कार्यालय कैलाली धनगढी, सब डिभिजन वन कार्यालय मसुरियाको कार्यक्षेत्रमा पर्ने गौरीगंगा साझेदारी वन उपभोक्ता समूहको साझेदारी वन क्षेत्रभित्रका ढलापडा रूखहरू संकलन (कटान, मुछान, ढुवानी) तथा घाटगद्दी समेत गराउनको लागि स्वीकृत जिल्ला दररेट (कैलाली) अनुसारको काठ/दाउरा संकलन तथा घाटगद्दी कार्यको लागत ईष्टिमेट बमोजिम गोलिया काठ संकलन प्रति क्यू.फी. रू.१४९.६१ र दाउरा संकलन प्रति चट्टा रू. १६६६३ मा घटाघट प्रकृयाबाट ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले आन्तरिक राजस्व कार्यालयमा दर्ता भई स्थायी लेखा नम्बर **(PAN)** वा मू.अ.कर दर्ता नम्बर, आ.व. २०७९/०८० को कर चुक्ता प्रमाणपत्र तथा नागरिकता प्रमाणपत्रको प्रतिलिपी सहित काठ सम्बन्धी व्यवसाय गर्न ईजाजत प्राप्त फर्म, कम्पनी, उद्योग वा व्यक्तिले सूचना प्रकाशन भएको मितिले ३० औं दिन मितिः २०८०/१२/१६ गते दिनको १:०० बजे भित्र डिभिजन वन कार्यालय कैलाली धनगढी र यस समूहको कार्यालयबाट बोलपत्र खरिद गरि शिलबन्दी बोलपत्र ३१ औं दिन मितिः २०८०/१२/१७ गते दिनको १:०० बजे भित्र यस समूहको कार्यालयमा दाखिला गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । काठ दाउरा संकलन तथा घाटगद्दी सम्बन्धि विस्तृत सूचना समूहको कार्यालयले प्रकाशन गरि उपभोक्ता समूहको कार्यालय तथा सम्बन्धित अन्य कार्यालयहरूमा समेत टाँस गरिएको व्यहोरा सुचित गरिन्छ ।

**गौरीगङ्गा साझेदारी वन उपभोक्ता समूह**
**गौरीगङ्गा न.पा.-८ बढैपुर, कैलाली**


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BLUE RAYS CONTRACTING COMPANY IS A ONE-PERSON COMPANY

पूर्व स्वीकृति मिति २०८०/११/१६ LT. No. 300781 चलानी नं. ६०२१५६३५

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Construction Worker | 2 | 0 | 1200 | ४२,४८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन २४ देखि २७ गते (7-10 Mar. 2024) सम्म हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्याहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्याहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | कामदार आफैले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

TESLA OVERSEAS PVT.LTD.

Govt. License 1638/080/81

Sinamangal 9, Kathamandu, Nepal, Mobile: 9807797030, 9802353777
Email: info.teslaoverseas@gmail.com, Web: www.teslaoverseas.com.np


Local Government

## PANCHPOKHARI THANGPAL RURAL MUNICIPALITY

**Office of the Rural Municipal Executive**

**Thangpaldhap, Sindhupalchok**

**Bagmati Province, Nepal**

## Invitation for Sealed Quotation

**(First date of publication: 29th Feb 2024)**

Panchpokhari Thangpal Rural Municipality, Sindhupalchok invites only e-bid for the following goods under Sealed Quotation (SQ).

| S.N. | Tender No. | Tender Description | Price of Bid Document | Last Date of Bid Submission | Bid Opening Date | Bid Security |
|---|---|---|---|---|---|---|
| 1 | PTRM/ GOODS/ SQ/03/2080/081 | Procurement of Fabricated Steel Partsfor Trail Bridges | NRS. 1000.00 | 15 March 2024, 12:00 Hours | 15 March 2024, 13:00 Hours | NRS. 44000.00 |

Eligible bidders may obtain further information from Panchpokhari Thangpal Rural Municipality Office during office hour.

**Tel: 9751099842**

**Email: ito.panchpokharithangpalmun@gmail.com.**

# उपप्रधानमन्त्री श्रेष्ठसँग लेबनानका राजदूतको भेट



**काठमाडौं (प्रस)-** उपप्रधान एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठसँग नेपालका लागि लेबनानका गैरआवासीय राजदूत भेरोनिक लोरेन्जोले शिष्टाचार भेट गरेका छन् । गृह मन्त्रालयमा भएको भेटमा द्विपक्षीय सम्बन्धका विविध पक्षबारे विचारविमर्श भएको थियो ।

भेटमा उपप्रधानमन्त्री श्रेष्ठले नेपाल र लेबनानबीच सन् १९६३ मा दौत्य सम्बन्ध स्थापना भएको र हालसम्म दुई देशबीच सुमधुर सम्बन्ध रहेकामा खुसी व्यक्त गरेका उनको प्रेस संयोजक कमल गिरीले जानकारी दिए ।

गृहमन्त्रीले लेबनानजस्तै नेपाल पनि आर्थिक समृद्धि र सामाजिक रूपान्तरणको प्रक्रियामा रहेको उल्लेख गर्दै लेबनानबाट आउने वैदेशिक लगानीलाई प्रोत्साहन गरिने बताए ।

राजदूत लोरेन्जोले आफ्नो कार्यकालको यो चौथो नेपाल भ्रमण भएको र हरेक पटकको भ्रमणले आफू निकै उत्साहित हुँदै आएको बताए । नेपालका सेनाले लेबनानमा शान्ति कायम गर्न पुर्‍याएको योगदानप्रति उनले आभार व्यक्त गरे ।

# मतदाता नामावली अद्यावधिक गरिँदै

**काठमाडौं (प्रस)-** निर्वाचन आयोगले आगामी वैशाख १५ गते हुने उपनिर्वाचनका लागि मतदाता नामावली अद्यावधिक तथा अन्तिम नामावली प्रकाशन कार्यक्रम, २०८० स्वीकृत गरेको छ ।

कार्यक्रमअन्तर्गत आयोगले यही फागुन २८ गते मतदाता नामावली आगामी चैत २२ गते अद्यावधिक गरी तयार गरिएको अन्तिम मतदाता नामावली प्रकाशन गर्ने छ । इलाम क्षेत्र २ को प्रतिनिधिसभा सदस्य र बझाङ (क) को प्रदेशसभा सदस्यको रिक्त पदमा उपनिर्वाचनको मिति निर्धारण भएको छ ।

आयोगले मतदाता नामावलीमा रहेका त्रुटि सच्च्याउन, दोहोरो नाम हटाउन, मृत्यु भएका वा नागरिकता त्याग गरेका मतदाताको नाम हटाउन र झुठा विवरण दिई नाम समावेश भएको भए उजुरी दिन यही फागुन २९ गतेदेखि आगामी चैत ५ गतेसम्मको अवधि निर्धारण गरिएको छ ।

प्राप्त निवेदन, सूचना र उजुरीउपर कानुनबमोजिम छानबिन गरी मतदाता नामावली अद्यावधिक गरिने आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलद्वारा बुधबार जारी विज्ञप्तिमा जनाइएको छ ।

# सात महिनामा ३३ हजार नमूना परीक्षण

**काठमाडौं-** नेपाल प्रहरीको विधि विज्ञान प्रयोगशालाले चालु आर्थिक वर्षको सात महिनामा पाँच हजार ४३१ मुद्दाका ३३ हजार १२२ नमूना परीक्षण गरेको छ ।

सोही अवधिमा प्रयोगशालामा पाँच हजार ५७४ मुद्दाका ३० हजार ६१२ वटा नमूना प्राप्त भएका थिए । नयाँ र पुरानो गरी सो संख्यामा नमूना परीक्षण गरिएको केन्द्रीय प्रहरी समाचारकक्षले जनाएको छ । उक्त प्रयोगशाला भौतिक सबुद प्रमाणको वैज्ञानिक परीक्षण, विश्लेषण, तुलना एवं पहिचान गरी अपराध अनुसन्धान कार्यमा प्रभावकारी हुँदै आएको केन्द्रीय प्रहरी प्रवक्ता प्रहरी नायब महानिरीक्षक भीमप्रसाद ढकालले बताए । प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभागअन्तर्गत काठमाडौंको सामाखुसीमा केन्द्रीय विधि विज्ञान प्रयोगशाला रहको छ । सुनसरी र बाँकेमा विधि विज्ञान एकाइ कार्यालय सञ्चालित छन् ।

तीनवटै प्रयोगशालाबाट प्रहरी, अदालत, अख्तियार दुरूपयोग अनुसन्धान आयोगलगायतलाई विधि विज्ञान सेवा उपलब्ध हुँदै आएको छ । चालु आर्थिक वर्षमा विष विज्ञानतर्फ छ हजार ७६२, जीव/सिरम विज्ञानतर्फ सात हजार ९७९ वटा, रसायन/लागुऔषधतर्फ छ हजार ३१७, 'डकुमेन्ट'तर्फ छ हजार १८७, सशस्त्र विज्ञानतर्फ दुई हजार ४८, औंठा छापतर्फ तीन हजार २७२, भौतिक विज्ञानतर्फ १६, डिएनएतर्फ ३५८ र विष्फोटक पदार्थतर्फ १८३ वटा नमूनाको परिक्षण गरिएको छ । *रासस*


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : EHH FOOD INDUSTRY SDN BHD

पूर्व स्वीकृति मिति : २०७९/०८/०६ पुन विज्ञापन स्वीकृति मिति: २०८०/११/१६ LT. No.275807 चलानी नं. ६०१९१७०१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 60 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन २४ गते (7th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GREEN LIGHT OVERSEAS PVT. LTD

श्रम ईजाजत नं. 1365/074/75

Basundhara-3, Kathmandu Tel : +977-1-5905757, 5905758

Email:info@green-lightgroup.com, Web:green-lightgroup.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : WARISAN PERKASA SECURITY SDN BHD

पूर्व स्वीकृति मिति : २०८०/03/08 पुन विज्ञापन स्वीकृति मिति: २०८०/११/१६ LT. No. 288124 चलानी नं.६०२०३४५४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 8 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन २४ गते (7th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

K & C International Pvt. Ltd

Govt. Reg. No. 699/063/064

Lazimpat-2, Kathmandu, Nepal Tel: +977-1-4440633



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : TEXCHEM-PACK (JOHOR) SDN BHD

पूर्व स्वीकृति मिति : २०७९/०८/१८ पुन विज्ञापन स्वीकृति मिति: २०८०/११/१६ LT. No. 276857 चलानी नं. :६०१९३७५४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Operator | 5 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन २४ गते (7th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Shahi Global Careers Pvt. Ltd.

Satdobato Chowk-15, Lalitpur, Nepal, Phone No : 01-15151025

E-mail: Shahigcareers@gmail.com,www.shahicareers.com

श्रम ईजाजत नं. १२९८/७४/७५



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SUPER FOODS CATERING SERVICES COMPANY IS A ONE PERSON COMPANY

पूर्व स्वीकृति मिति: २०८०/११/१५ LT. No.300716 चलानी नं. ६०२१५५९७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Sweets Maker | 1 | 0 | 1200 | ४२,४८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन २४ गते (7th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Prince International Employment Service Pvt. Ltd.

Samakhusi-26 Ktm, Nepal, Tel : +977-1-4387650, Mobile: 981-3952892, 9706180600

E-mail : info@princeies.com

श्रम ईजाजत नं. ४३५/०६०/०६१



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी: FORTUNE GRC INDUSTRIES LLC

पूर्व स्वीकृति मिति : २०८०/११/१६ LT. No. 300605 चलानी नं.६०२१५५६१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick Mason | 30 | 0 | 1200 | ४३,३७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | factory Worker | 20 | 0 | 900 | ३२,५३० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन २४ गते (7th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

S.S.Group of Management Pvt.Ltd.

Govt. License 1100/073/074

Subidhanagar–32, Tinkune, Kathmandu, Nepal, Tel : +977-1 - 5104681, 5104682 Ph: 9843193397 Email: ssgroup1100@gmail.com



## कतार/मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : GREEN CITY CONTRACTING & SERVICES WLL

पूर्व स्वीकृति मिति २०८०/०८/१५ पुन विज्ञापन स्वीकृति मिति २०८०/११/१६ LT. No. 295802 चलानी नं. ६०२१०९१२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 0 | 3 | 1000 | ३६,४७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन २४ गते (7th Mar. 2024) मा हुनेछ ।

कम्पनी : PERFECT TACTICAL RESOURCES SDN BHD

पूर्व स्वीकृति मिति: २०८०/०२/२९ पुन विज्ञापन स्वीकृति मिति २०८०/११/१६ LT. No. 287651 चलानी नं. ६०२०३०२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 35 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन २१/२२ गते (4/5 Mar. 2024) मा हुनेछ ।

अन्तरवार्ता हुने स्थान: स्मार्ट महल, धुम्बाराही, काठमाडौंमा मिति: २०८० फागुन २१/२२ गते (4/5 Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ९५४/०६७/६८

VARSHA MANPOWER PVT. LTD.

(STAR INTERNATIONAL HUMAN RESOURCE PVT. LTD.)

Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944


प्रदेश सरकार

**भौतिक पूर्वाधार विकास मन्त्रालय**

**यातायात पूर्वाधार निर्देशनालय**

**पूर्वाधार विकास कार्यालय**

**कोशी प्रदेश**

**विराटनगर, मोरङ्ग**

## बोलपत्र स्विकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशित मिति: २०८० /११/१७)

यस कार्यालयबाट मिति २०८०-१०-११ गतेको उदघोष दैनिकमा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार www.bolpatra.gov.np/egp मार्फत दर्ता भएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमका बोलपत्र दाताहरुको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही भइ स्विकृतीको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| सि.न. | विवरण | छनौट गरिएको बोलपत्रदाताहरु | कवोल अंक (मु.अ.क.समेत) |
|---|---|---|---|
| 1 | Upgrading of Bhaudaha Chowk Dekhi Thir Nath Dahal ko Ghar Hudai Tharu Tole Samma Sadak, Ratuwamai-9, Morang (Contract No :IDO/MOR/NCB/RW-181/080-81) | M/S Kushum Construction Urlabari, Morang | 17,97,651.66 |
| 2 | Upgrading of Kasheshwor Marg, Biratnagar- 3, Morang (Contract No :IDO/MOR/NCB/RW -182/080-81) | M/S Aarush Builders and Nirman, Sewa, Biratnagar, Morang | 17,81,814.06 |
| 3 | Construction of Rangeli-2 Bhaluwa Rajesh Rai Ko Ghar Hudai Lata Morang Mahesh Tole jane bato ma Drain , Rangeli, Morang (Contract No :IDO/MOR/NCB/RW-183/080-81) | M/S Dhurba Nirman Sewa, Rangeli, Morang | 17,90,472.45 |
| 4 | Upgrading of Shailaija Marg Biratnagar-3 Oil Nigam Purba Durga Chapagain Ko Ghar Utar Lamsal Chowk Sama Sadak, Biratnagar, Morang (Contract No :IDO/MOR/NCB/RW-184/080-81) | M/S Great Maa Jalpa Bhagwati Construction and Engineering Pvt.Ltd, Biratnagar, Morang | 23,59,444.40 |
| 5 | Upgrading of Sakhuwagachhi Dekhi Purano Rangeli Road G.P. Marg , Rangeli, Morang (Contract No :IDO/MOR/NCB/RW-185/080-81) | M/S Ridhima Construction, Budhiganga, Morang | 18,92,101.83 |
| 6 | Upgrading of Yangsila Tribeni Chowk Dekhi Kuwapani Naina Rai Ko Ghar Agadi Choutara Samma Jane Sadak, Miklajung-2, Morang (Contract No :IDO/MOR/NCB/RW-186/080-81) | M/S SKPD Construction and Suppliers Pvt.Ltd, Miklajung, Morang | 19,52,880.58 |
| 7 | Upgrading of Ratuwamai 5 Purbi Parakhopi Sadak Bata Ratuwamai 6 Ko Simana Shantipur Samma Jodne Sadak, Morang (Contract No :IDO/MOR/NCB/RW-187/080-81) | M/S Sujan Matrix Construction Pvt.Ltd, Babarmahal, Kathmandu | 35,74,487.33 |
| 8 | Upgrading of Sautha Dangitole Sadak Bata Sijuwa Payamari Sadak Sama Jodne Sadak, Ratuwamai-7, Morang (Contract No :IDO/MOR/NCB/RW-188/080-81) | M/S Lalita Construction, Sunwarshi, Morang | 28,96,741.58 |
| 9 | Upgrading of Mathilo Kalijhoda Pipra Khola Pul, Ramdhuni-2, Sunsari (Contract No :IDO/MOR/NCB/RW-189/080-81) | M/S Sawana Nirman Sewa, Duhabi, Sunsari | 24,99,996.22 |
| 10 | Upgrading of Captain Chowk Dekhi Hattimara Chowk Samma Sadak Nirman, Ramdhuni-7, Sunsari (Contract No :IDO/MOR/NCB/RW-190/080-81) | M/S Saibaba Construction, Inaruwa, Sunsari | 23,74,170.38 |

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# लोकतन्त्रमा हिंड्न पनि निषेध !

लघुवित्तपीडित संसद् भवनमा पसेको निहुँमा सरकारले संसद् भवन बाहिर, सिंहदरबार वरपर, बालुवाटार बाहिर नागरिकलाई हिंड्न रोक लगायो। सुरक्षा व्यवस्थामा चुकेको प्रहरीले आफ्नो कमजोरी लुकाउन संसद् भवनबाहिर त तारबार नै लगायो । निषेधित क्षेत्र भनेर पोस्टर बनाउँदै ठाउँठाउँमा चेतावनीपूर्वक राखियो ।

सुरक्षा व्यवस्थामा आफूले चुस्त काम गर्न नसक्ने, कमजोरी औंल्याएपछि निर्दोष नागरिकमाथि नै निषेधको रणनीति चलाउने प्रहरीले आफ्नो लाज छोप्न यस्तो गरेको देखिन्छ । सोमबार लघुवित्तपीडित संसद् भवन पसेपछि सरकार आत्तिएको हो । सुरक्षा व्यवस्था चुस्त पार्न भन्दै यस्तो गरिएको प्रशासनको ओठे जवाफ आएको छ। हुन त आफूलाई लोकतान्त्रिक र उदार भनेको अहिलेको सत्ता गठबन्धनले माइतीघर, नयाँ बानेश्वरजस्ता क्षेत्रमा निषेधाज्ञा जारी नै राखेको छ।

केपी शर्मा ओली नेतृत्वको तत्कालीन सरकारले निषेधाज्ञा घोषणा गरेको बेला अहिलेको प्रमुख सत्तारुढ दल नेपाली कांग्रेसका नेताहरूले तीव्र विरोध गरेका थिए । कांग्रेसका जोधाहा महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले यसको खुलेरै विरोध गरेका थिए। तर यही पार्टी सरकारमा हुँदा पनि ओलीको निर्णयको 'क्यारी अन' नै छ।

यसैमा थपेर सरकारले संसद् भवनबाहिरको फुटपाथमा नागरिकलाई हिंड्न निषेध गर्दा पनि आफूलाई लोकतन्त्रको मसिहा ठान्ने कांग्रेस चुपचाप छ। किनकि उसलाई एक थान गठबन्धन जोगाउनु छ । बरू लोकतान्त्रिक समाजवादी पार्टी छाडेका राजेन्द्र महतोले बोकेको थियो। एक्लै उनी निषेधाज्ञा तोड्न हिंड्दा प्रहरीको लछारपछारमा परे बुधबार।

सरकारमै बसेर बरू सिके राउतको पार्टी जनमतले माइतीघरको निषेधाज्ञा हटाउन माग गरेको देखियो । तर, कांग्रेस निर्लज्ज बनेर यही सरकारमा छ । किनकि शेरबहादुर देउवालाई छैटौंपटक प्रधानमन्त्री बनाउने ठेक्का कांग्रेसले पाएको छ। अहिले सरकारको नेतृत्वमा माओवादी अध्यक्ष पुष्पकमल दाहाल छन् । दाहाल कांग्रेसका देउवा कज्याएरै बसेका छन्। नागरिकलाई मौलिक अधिकार दिने र प्रजातन्त्रको प्रत्याभूति दिएको बताउने कांग्रेस माओवादी नेतृत्वको सरकारको सबैभन्दा ठूलो अंशियार हो।

त्यसैले निषेधाज्ञाको दोषी कांग्रेस पनि हो । तैपनि उसले सरकारको नेतृत्वसँग केही भन्न सक्दैन । नत्र कुनै बेला माओवादी काँध फेर्न सक्छ भन्ने डर कांग्रेसजनलाई छ। महासमिति र केन्द्रीय समितिमा क्रान्तिकारी कुरा गर्ने कांग्रेसजनले सरकारको कमजोरी औंल्याउनुभन्दा मन्त्री फेरेर आफू मन्त्री बन्ने कुरामात्र बुलन्द गर्छन् भन्ने प्रमाण यस घटनामा मौन बस्नु पनि हो। यसैले नेताहरू जनताको हैन, आफ्नो हकका लागि लड्छन् । सत्तामा पुगेपछि जनतासँग डराउँछन् भन्ने प्रस्ट देखियो, जुन ओली सरकारमा मात्र हैन दाहाल नेतृत्वको सरकारमा पनि निरन्तर छ।

## मनन्योग्य

### चाणक्य नीति

अन्ततः कौमुदी उत्सव पनि आयो। भोलिपल्ट पूर्णिमा थियो तर राजधानी पाटलीपुत्र आजैदेखि सजिसजाउ भइरहेथ्यो। प्रत्येक हाट, प्रत्येक दुकानदार बढाई चढाई सजावट गर्दथे। नगरसेट आफै सोमदेवलाई निमन्त्रणा दिन आउँथे।

उत्सवको सबै तयारी पूरा भयो। राजमहलको भव्यताल इन्का दरबारसँग प्रतिस्पर्धा गर्दथ्यो। सबैतिर चहलपहल थियो। रंगीविरंगी वस्त्रमा सिँगारिएका दास-दासीहरू सबै आफू आफूमा नै व्यस्त थिए।

आजको सभा राजमहलदेखि बाहिर विशाल आंगनमा मखमली रंगीन सामियानले सुसज्जित बनाइएको थियो, ठूलाठूला तोरण, बीचमा भव्य विशाल सिंहासन, अतिथिका लागि अलग सिंहासन लगाइएको थियो। दरबारमा आउने सामन्त, राजा उच्चपदाधिकारी, नागरिक आई आ-आफ्ना स्थानमा बसेका थिए।

यस्तैमा प्रहरीबाट घोषणा भयो- वीरशिरोमणि सम्राट चन्द्रगुप्त दरवारमा सवारी हुँदैछ। सबै अतिथि आदरसाथ आसनबाट उठे। प्रहरी, सेना अनुशासनसहित अभिवादन गर्न थाले। बिगुलको स्वरले सम्राट्को आगमनलाई सार्थक बनाएको थियो। चन्द्रगुप्त आसनमा बसे। नजिकै उनका सतर्क आँखा सम्पूर्ण दरबारियाको अवलोकन गर्दै थिए। सबैतिर स्तब्ध वातावरण थियो।

चन्द्रगुप्त र अन्य सबै उपस्थित समूह चाणक्यका यी शब्दले आश्चर्यचकित भए।

उता राजा पर्वतकको प्रसन्नताले हर्षको सीमा रहेन। उनले नमानी नै सर्वस्व प्राप्त भएजस्तो ठाने।

चाणक्यले सभाविसर्जनको संकेत दिंदै चन्द्रगुप्तलाई साथ लगाई गोप्य घरमा लगे।

यता चन्द्रगुप्त खिन्न थिए। उता राजा पर्वतक महलमा नाचगान खानपानको क्रममा अनि सुरा र सुन्दरी पनि साथै थिए। जब हृदयको ढुकढुकी बढ्छ थामेर थाम्न सकिन्न, सुराको मस्ती यति धेरै हुँदैन जति ती विश्वमोहिनीको भोगको इच्छा अति प्रबल इच्छा हुदै गइरहेथ्यो।

राजा पर्वतकले आवेगमा ती सुन्दरीलाई बाहुपासमा लिए। उनलाई एक कपकपी भयो सुन्दरीलाई चिन्दै नचिनी आवेगमा भरपूर एक चुम्बन लिए मानी राजालाई हजारौं विषधरले धएकैपटक हसेजस्तो भयो। राजा संजाशून्य भए (अर्थात् राजाको प्राण गयो।)

बिहानको सूर्य एउटा नयाँ हलचल लिएर उदाए राजा पर्वतकको मृत्युको समाचार महलसहित चारैतिर फैलियो। चाणक्य र चन्द्रगुप्त पनि पर्वतकका महलतिर लागे। पर्वतकको शरीर नीलो काँचजस्तो भएको देखे। क्रमशः

# कर्णालीको स्वास्थ्य क्षेत्रको विकास र चुनौती



डा. सुधा शर्मा

> स्वस्थ रहनु आफ्नो जिम्मेवारी भन्ने बुझी सबैले सरसफाइ, पोषण र महिलाको प्रजनन स्वास्थ्यप्रति विशेष चनाखो रही स्वच्छ जीवनशैली अपनाउन जरूरी हुन्छ । जीवनशैलीमा आधारित रोग पुरूष-महिला दुवैलाई लाग्नसक्ने हुनाले शारीरिक श्रम गर्ने, दुव्यर्सनमुक्त रहने, तनावमुक्त रहने, सकारात्मक सोच राख्ने, सन्तुलित खाना खाने र समय-समयमा चिकित्सकसँग परामर्श र आवश्यक परीक्षण गराई रोग लाग्नै नदिने र लागि हालेमा पनि छिटो निदान र उपचार लिनेतर्फ जागरूक गराउन आवश्यक छ ।

नेपालका १७ प्रतिशत जनसंख्याको बासस्थान रहेको कर्णाली प्रदेश प्रकृतिको अनुपम उपहार मानिन्छ। विकट भूगोल, छरिएर रहेको बस्ती, कम जनघनत्वका कारण यहाँ सेवा प्रवाह गर्न भने निकै चुनौतीपूर्ण रहेको छ । सिञ्जा सभ्यताको उद्गमस्थल, परापूर्वकालको समृद्ध कर्णाली बिस्तारै पछाडि पर्दै गएको छ । थुप्रै सम्भावना बोकेको कर्णालीको स्वास्थ्य क्षेत्र किन पछि परिरहेछ, कसरी यसको अवस्था उकास्न सकिन्छ भन्ने बारेमा नै यहाँ चर्चा गर्न खोजिएको छ। पछि पर्दापर्दै पनि कर्णालीले स्वास्थ्य क्षेत्रमा उल्लेख्य प्रगति हासिल गरेको छ। बाल मृत्युदर, मातृ मृत्युदर, रक्तअल्पताको परिमाण आदिलाई स्वास्थ्य स्थितिमा विगतका तीन दशकको तथ्यांकलाई हेर्दा यस्तो प्रगति देखिन्छ।

वि.सं. २०५३ ताका यो भेगमा जन्मेका हजार बालबालिकामध्ये करिब ६५ जनाको एक महिनाभित्रै मृत्यु हुन्थ्यो, ११९ जनाको एक वर्षभित्रै, अनि पाँच वर्ष पुग्दा नपुग्दै १७८ जनाको मृत्यु भइसक्थ्यो। यसको एक दशकपछि २०६३ ताका नवजात शिशु मृत्युदर सुधार हुँदै ६५ बाट ४५ मा झ्र्यो, एक वर्षभित्र हुने मृत्यु ११९ बाट ८५ जति भयो, अनि पाँच वर्ष पुग्दा नपुग्दै हुने मृत्यु १७८ बाट घटेर १११ जति भयो। यसको करिब १५ वर्षपछि बालस्वास्थ्य अवस्थामा थप सुधार हुँदै गएको देखिन्छ। तैपनि यो प्रदेशको बाल मृत्युदर राष्ट्रिय औसतभन्दा बढी नै छ। दुई वर्षअगाडिको प्रतिवेदनअनुसार यो प्रदेशको नवजात शिशु मृत्युदर हजारमा २६ छ (राष्ट्रिय औसत २२), एक वर्षभित्र हुने मृत्यु हजारमा ३६ (राष्ट्रिय औसत २८), पाँच वर्षभित्र हुने मृत्यु हजारमा ४६ (राष्ट्रिय औसत ३३) रहेको छ। अनि निरक्षर आमाका पाँच वर्षमुनिका हजार बालबालिकामध्ये ५० जनाको मृत्यु हुँदा माध्यमिक तहसम्म पढेका आमाको पाँच वर्षमुनिका हजार बालबालिकामध्ये छजनाको मात्रै मृत्यु हुँदोरहेछ । कति फरक, महिला शिक्षाले कति राम्रो प्रभाव पार्ने रहेछ !

कर्णालीमै बालविवाह गर्ने र माध्यमिक शिक्षा नलिने जनसंख्या पनि ठूलै छ । राष्ट्रिय जनगणनाअनुसार एक वर्षमा प्रजनन उमेरका (१५-४९ वर्ष) महिलाको १२ हजार ९७६ मृत्युमध्ये ६५३ मातृमृत्यु थिए । नेपालमा औसतमा प्रतिएक लाख जीवित जन्ममा १५१ आमाले ज्यान गुमाउँछन् तर कर्णालीमा प्रतिएक लाख जीवित जन्ममा १७२ जना आमाको मृत्यु हुन्छ। दिगो विकास लक्ष्य हासिल गर्न सन् २०३० सम्ममा प्रतिएक लाख जीवित जन्ममा मातृमृत्यु ७० सम्म झार्ने नेपालको लक्ष्य छ।

थुप्रै चुनौती हुँदाहुँदै पनि कर्णाली प्रदेश प्रगति उन्मुख छ। यहाँको युवा साक्षरता दर ८२ प्रतिशत (राष्ट्रिय ८५ प्रतिशत), अपेक्षित आयु ६७ वर्ष (राष्ट्रिय ६९.७), मानव विकास सूचकांक ०.४२७ (राष्ट्रिय ०.५७४) छ । कर्णालीमा स्वास्थ्य संस्थाहरूको संख्या ४३३ रहेको छ, २७४ बर्थिङ सेन्टर रहेका छन्। साथै, प्रदेश अस्पताल, मेडिकल कलेज, आयुर्वेद अस्पतालसमेत रहेको यो प्रदेशमा संख्याको हिसाबले स्वास्थ्य संस्थाको उपलब्धता राम्रै छ । नेपालको औसत हेर्ने हो भने ४९ प्रतिशत जनसंख्या ३० मिनेटभित्र स्वास्थ्य संस्थामा पुग्न सक्ने अवस्था छ तर यहाँका २३.६ प्रतिशत जनसंख्या मात्रै आधा घण्टाभित्र स्वास्थ्य संस्थामा पुग्न सक्छन्। कतिपय ठाउँमा बजार र अस्पताल जोड्ने पुल नबन्नाले दुई मिनेटमा पुग्न सकिने अस्पताल पुग्नै आधा घण्टा लाग्छ। निकट विगतका वर्षहरूमा सुस्तरी विकासको पथमा लम्किँदै गर्दा र आफ्नै विगतसँग तुलना गरेर हेर्दा यहाँको प्रगति राम्रो नै छ तर राष्ट्रिय औसतसँग तुलना गर्दा यो प्रदेश धेरै पछि परेको देखिन्छ।

नेपालमा भएका मातृ मृत्युमध्ये ३३ प्रतिशत गर्भावस्थामा, छ प्रतिशत सुत्केरी हुँदा र ६१ प्रतिशत सुत्केरी भइसकेपछि हुन्छ। यहाँ ४० प्रतिशत महिला र बालबालिकामा रक्तअल्पता छ। गर्भवती अवस्थामा न्यूनतम चारपटक गर्भजाँच गर्नुपर्छ, स्वास्थ्य संस्थामा सुत्केरी गराउनुपर्छ, यो कुरामा केही प्रगति भएको छ तर सुत्केरीको हरेचाहमा धेरै कमी कमजोरी रहेकाले यहाँ सुत्केरी भएको ४५ दिनभित्र धेरै आमाको मृत्यु हुन्छ । गर्भावस्थादेखि नै रगत कम भएको महिलाको सुत्केरी हुँदा कम रगत बगे पनि उनको अवस्था नाजुक हुन सक्छ, अनि खानेकुराहरू बार्ने पुराना कुरीतिहरूले उनको कमजोरी बढ्छ, कतिपय अवस्थामा विभिन्न संक्रमणले पनि ज्यान लिन्छ।

नेपालमा विद्यमान पितृसत्ताले महिलाको जीवनलाई मूल्यवान ठान्दैन । भ्रूण अवस्थादेखि नै छोरीमाथि विभेद हुन्छ, केही छोरीलाई जन्मिन नै दिइँदैन । नेपालका १२ जिल्लामा १०० जना छोरी जन्मँदा ११० भन्दा बढी छोरा जन्मिन्छन्, जबकि नेपालमा कानुनी रूपमा भ्रूणको लिंग हेरेर गर्भपतन गराउन पाइँदैन । बहुसंख्यक परिवारमा महिलाले आफ्नो जीवन बारम्बार जोखिममा पारेर छोरा नपाएसम्म सन्तान जन्माइरहनुपर्ने बाध्यता छ । सामान्यतया छोरालाई राम्रो खाना, शिक्षा, खेलकुद गर्न छुट, औषधिमूलो दिनसक्ने बाआमाले छोरीलाई घरको काम, भाइबहिनी हेर्ने, गाईवस्तु हेर्ने काम लगाउँछन्, पराइ धन ठानेर उसमाथि लगानी गर्न चाहँदैनन्, छाउगोठमा उसको मृत्यु हुँदा दैवको लीला ठान्छन्, अनि यस्तो कुरीति अद्यापि कायमै छ ।

पोषणको स्थिति विश्लेषण गर्दा बागमती प्रदेशमा पाँच वर्षमुनिका १८ प्रतिशत बालबालिका पुड्का छन् भने कर्णालीमा तीन गुणा बढी, ३६ प्रतिशत छन् । दाउरामा खाना बनाउने, धूमपान गर्ने, वातावरणीय प्रदूषण आदि कारणले दमलगायत फक्सोका रोग धेरै रहेका छन् । परिवार नियोजनका साधनको प्रयोग हतपत नगर्ने, सरसफाइको कमी, दूषित पानी आदिले पनि स्वास्थ्य चुनौती थपेका छन्। महिलामा पुरुषको तुलनामा स्वास्थ्य समस्या बढी नै हुन्छन् । यीमध्ये अनिच्छित गर्भ, यौनरोग, आङ खस्ने, पाठेघरको मुखको क्यान्सर, स्तन क्यान्सर, महिनावारीसम्बन्धी जटिलता, रजोनिवृत्तिका असर आदि मुख्य रहेका छन् । यी थुप्रै स्वास्थ्य समस्या जनचेतना र जीवनशैली परिवर्तनका माध्यमबाट रोकथाम गर्न सकिने किसिमका हुन्छन्। यसका लागि समुदायको सहभागिता आवश्यक हुन्छ।

करिब ८०-९० प्रतिशत रोग तल्लो तहका स्वास्थ्य संस्थाबाट उपचार गरेमा निको हुने खालका हुन्छन्। सामान्यतया १०-२० प्रतिशत रोगलाई मात्र उच्च तहको विशेषज्ञ सेवा चाहिन्छ। सेवाको उपलब्धता, पहुँच र गुणस्तर सुनिश्चित गर्न विश्व स्वास्थ्य संगठनले स्वास्थ्य प्रणालीलाई वित्तीय व्यवस्थापन, जनशक्ति, सूचना प्रविधि, सुशासन, सेवा प्रवाह र समुदायको सहभागिताको आवश्यकता पर्दछ। हाल नेपालको स्वास्थ्य क्षेत्रमा भएको कूल लगानीमध्ये ५० प्रतिशतभन्दा बढी व्यक्ति स्वयंले ब्यहोर्नुपर्छ । यसले गर्दा विपन्न वर्ग ठूलो मर्कामा छन्। कर्णाली प्रदेशमा मात्रै पनि परिवारको कूल आम्दानीको १३ प्रतिशतभन्दा बढी खर्च अपर्झट आइपर्ने स्वास्थ्य समस्याका लागि प्रयोग हुने रहेछ।

### समाधानका उपाय

मातृ मृत्युका प्रमुख कारणहरूमा स्वास्थ्य जाँचसेवा लिने निर्णय गर्न ढिलाइ, निर्णय गरेता पनि स्वास्थ्य संस्थामा पुग्न ढिलाइ र स्वास्थ्य संस्थामा पुगे पनि समयमा उपचार नपाउँदा जटिलता आउने गरेको छ। परिवारले गर्भवतीले स्वास्थ्य सेवा पाउनैपर्छ भन्ने सोच राखेर आर्थिक व्यवस्थापनलगायत पूर्वतयारी गरिराखेमा सेवा लिने निर्णय गर्न ढिलाइ हुँदैन, महिला समयमै स्वास्थ्य संस्था पुग्छिन्, अनि आमा र बच्चा दुवैको ज्यान बचाउन सजिलो हुन्छ । साथै, सुत्केरीको हेरचाहमा विशेष ध्यान पुर्‍याएर मातृ-नवजात शिशुको स्वास्थ्य सामान्य राखी मृत्य हुनबाट बचाउन सकिन्छ। प्रदेशमा रहेका हजारौं महिला स्वास्थ्य स्वयंसेविका, सयौं गैरसरकारी संघसंस्था र वडावडामा रहेका जनप्रतिनिधिका सञ्जालमार्फत व्यापकरूपमा स्वास्थ्य चेतना जगाउने, छोरा र छोरीलाई समान व्यवहार गर्ने, बालविवाह निरुत्साहित गर्ने, महिला शिक्षा र स्वरोजगार, रक्तअल्पतामुक्त बालबालिका र महिला, स्वस्थ जीवनशैली र खानपान आदिबारे जागरण अभियान चलाएर कर्णालीलाई रोगमुक्त बनाउन सकिन्छ।

त्यस्तै स्वस्थ रहनु आफ्नो जिम्मेवारी भन्ने बुझी सबैले सरसफाइ, पोषण र महिलाको प्रजनन स्वास्थ्यप्रति विशेष चनाखो रही स्वच्छ जीवनशैली अपनाउन जरुरी हुन्छ । जीवनशैलीमा आधारित रोग पुरुष-महिला दुवैलाई लाग्नसक्ने हुनाले शारीरिक श्रम गर्ने, दुव्यर्सनमुक्त रहने, तनावमुक्त रहने, सकारात्मक सोच राख्ने, सन्तुलित खाना खाने र समय-समयमा चिकित्सकसँग परामर्श र आवश्यक परीक्षण गराई रोग लाग्नै नदिने र लागि हालेमा पनि छिटो निदान र उपचार लिनेतर्फ जागरुक गराउन आवश्यक छ।

सेवा प्रवाहको प्रक्रियाबारे सम्पूर्ण जनतालाई सुसूचित गर्नुपर्ने देखिन्छ । नेपाल सरकारले सम्पूर्ण जनताका लागि व्यवस्था गरेको आधार भूत सेवा घर नजिकैको स्वास्थ्य संस्थाबाट लिने हो, त्यो निःशुल्क पाउनुपर्छ । त्योभन्दा माथिको सेवा चाहिने रहेछ भने तल्लो तहको स्वास्थ्य संस्थाले सिफारिस गरी पठाएमा मात्र माथिल्लो संस्थामा जाने हो । यसो गर्दा माथिल्लो स्वास्थ्य संस्थामा अनावश्यक चाप कम भई बिमालगायत कार्यक्रममार्फत जनताले सहजरूपमा सेवा लिन सक्ने छन् । बर्थिङ सेन्टरले मात्रै जटिलताको व्यवस्था गर्न नसक्ने हुँदा स्थानीय र प्रदेश सरकारको सहकार्यमा जटिल सुत्केरी समस्याको उपचार गर्ने व्यवस्था गर्दै समुदायलाई पायक पर्ने हिसाबले निजी र सरकारी अस्पतालको प्रेषण सञ्जाल बनाउनुपर्छ । सञ्जाल अस्पतालसम्म पुग्न आवश्यक एम्बुलेन्स, सञ्चार सुविधा, आर्थिक स्रोतको सुनिश्चित गरिनु पर्दछ।

यसैगरी, स्वास्थ्य संस्थामा दक्ष सेवाप्रदायक, औषधि, उपकरणहरूको कमी रहेकाले तिनको पूर्ति गरिनुपर्दछ। मेडिकल कलेज, प्रदेश अस्पताल, जिल्ला अस्पताल, स्थानीय स्वास्थ्य संस्थाहरू विभिन्न तहका सरकारअन्तर्गत सञ्चालन हुने हुँदा यी सबै तहका सरकारबीच राम्रो सहकार्य हुनु जरुरी छ । त्यसो भएमा प्रदेशभरि छरिएर रहेका जनशक्तिलगायत अन्य स्रोतको उचित प्रयोग गराएर तिनबाट प्रदेशका सबै जनताले उचित प्रतिफल प्राप्त गर्न सक्ने छन्। यस्ता पूर्वाधारहरूको विकास हुन सकेमा आमा र नवजात शिशुको स्वास्थ्य स्थितिमा उल्लेख्य सुधार आउने निश्चित छ। *रासस*

***(लेखक स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका पूर्वसचिव तथा प्रसूति तथा स्त्रीरोग विशेषज्ञ हुन्)***

## पत्र-मञ्जुषा

# न्याय माग्न आएका जनतालाई हतकडी !

२०६१ माघ १९ गते राजनीतिक दलको सरकारलाई विघटन गरेर तत्कालीन राजा ज्ञानेन्द्र शाहले आफ्नो हातमा सत्ता लिए । सो दिनलाई अहिले पनि 'कू' भन्ने गरिन्छ । किनकि राजनीतिक दलका नेताहरूलाई नजरबन्दमा राखियो। सञ्चारगृहमा सुरक्षाकर्मी खटाइयो र बन्द पनि गराइयो। बाटोमा पनि सेना, प्रहरी खटाइयो।

कीर्तिनीधि विष्ट र तुल्सी गिरीसहित राप्रपा नेपालका नेता कमल थापाको नेतृत्वमा सरकार गठन गरियो । राजनीतिक दलहरूलाई कमजोर बनाइयो । र, आफैंले सत्ता चलाउने सपना देखे, तत्कालीन राजा ज्ञानेन्द्रले। जनताको बीचमा गए। उनीहरूको गुनासो सुने । तर, जनताको समस्या समाधान गरेनन्, टाउको मात्र हल्लाउने काम गरे।

ज्ञानेन्द्रले ०६१ मघ १९ गते सत्ता आफ्नो हातमा लिएका थिए। तर, ०६२/६३ को जनआन्दोलनपश्चात् उनी जनताको अधिकार जनतालाई नै फिर्ता दिएर सत्ताबाट हट्न बाध्य भए। ०६५ साल जेठ १५ गते संघीय संसद्को दुवै सदनबाट राजतन्त्र हट्यो। र, राजा ज्ञानेन्द्र पनि नारायणहिटी दरबार छोडेर नागार्जुन गएर बस्नुपर्‍यो।

वर्तमान सरकारमा नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रधानमन्त्री छन्। दश वर्षे जनयुद्धको नेतृत्व गरेका उनी तेस्रोपटक मुलुकको प्रधानमन्त्री बनेका छन् । संघीयता, लोकतन्त्र गणतन्त्र र वाक स्वतन्त्रताको बारेमा धेरै नै बोल्ने उनको सरकारमा अहिले जतातत‍ै निषेधाज्ञा जारी गरिएको छ।

लघुवित्त संघसंस्थाले घरखेत नै खाइदिएर उठीबास लगाएपछि पीडितहरू सडकमा उत्रिएका छन् । मिटरब्याजका कारण पनि कतिपयले आत्महत्या गरिसकेका छन् त कतिपय सुकुम्बासी भएका छन्। यता, सहकारीले पैसा फिर्ता नगर्दा कतिपय बचतकर्ता डिप्रेसनमा गएका छन्। जीवनभर कमाएको, घरखेत बेचेर राखेको पैसा सहकारीले खाइदिएपछि उनीहरू मर्नु कि बाँच्नु अवस्थामा पुगेका छन्।

मिटरब्याज र लघुवित्त पीडितहरू आफ्नो जायजेथा सबै साहु महर्जन वा लघुवित्त संघसंस्थाले खाइदिएपछि उनीहरूले न्यायका लागि झण्डै महिनौं दिन हिँडेर काठमाडौं आइपुगे । आफूले मतदान गरेर पठाएको सांसदहरूले आफ्नो गुनासो सुन्छन् र सरकारले पनि न्याय दिन्छ भन्ने आशमा उनीहरू काठमाडौं आए। झण्डै महिनौं दिन हिँडेर काठमाडौं आइपुग्दा उनीहरूको खुट्टा सुन्निएर देखिनसक्नु छ। तैपनि, उनीहरूलाई आफ्नो गुनासो सांसदहरूले सुनिदिने आशा थियो । र, लघुवित्त पीडितहरू त संसद् भवनभित्र पनि प्रवेश गरे। यसरी पीडितहरू भित्र प्रवेश गरेपछि सांसदहरूले उनीहरूको समस्या सुनिदिनुपर्थ्यो वा हल गर्नुपर्थ्यो।

विडम्बना, सांसद र सभामुखले पीडितहरूलाई प्रहरी बोलाएर समात्न लगाए । सभामुख र सांसद दुवै जनताको भोटबाट त्यहाँ पुगेका हुन्। हिजो जनताको घरमा भोट माग्न जाँदाचाहिँ उनीहरूलाई सुरक्षा नचाहिने अनि अहिले जनता आफ्नो समस्या सुनाउन पुग्दाचाहिँ सुरक्षाका लागि प्रहरी बोलाएर पक्रन लगाउने ?

आफ्नो सम्पूर्ण सम्पत्ति गुमाएर न्यायका लागि आएका पीडितहरूलाई प्रहरी हिरासतमा पुर्‍याइयो । र, भोलि विभिन्न मुद्दा चलाएर जेलको चिसो भुइँमा पनि पुर्‍याइने छ । मिटरब्याज, लघुवित्त र सहकारी पीडितहरूले देश बेच्नुपर्‍यो भनेर आन्दोलन गरेका होइनन्। न त सत्ता चाहियो भनेर आन्दोलन गरेका हुन् न त तलबभत्ता चाहियो भनेर नै । उनीहरूले न्यायका लागि आन्दोलन गरेका छन्। यत्रो संघर्ष गरेका हुन् । लघुवित्त संस्था र साहु महर्जनले आफू सोझा जनताको उठीबास लगायो, आफ्नो जायजेथा सबै खाइदियो भनेर उनीहरूले कारबाहीको माग गर्दै न्यायका लागि आन्दोलन गरेका हुन्।

सरकार जनताको अभिभावक हो। पीडितहरूले आफ्नो अभिभावकसमक्ष न्याय मागेका हुन् । न्याय दिनुको सट्टा उल्टै हत्कडी लगाउने कार्य निन्दनीय छ। यस्तो कार्य तत्काल बन्द गरियोस् । यद्यपि, जनताको आन्दोलन न दबाएर दबिने छ न त थुनेर। सरकारले यो कुरा जति चाँडो बुझ्न सक्यो, त्यति नै राम्रो हुने छ।

- ***रूषा थापा***, *भक्तपुर*

### जानकारी

**अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ। सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

सोनाहा जातिको पीडा

# बालुवा छान्दा पनि छाक टार्न धौ–धौ



**महेन्द्रनगर (कञ्चनपुर)-** सोनाहा जातिको मुख्य पेसा नदीका बगरमा बालुवा छानेर सुन संकलन गर्नु हो तर कञ्चनपुरमा बसोबास गर्दै आएका उक्त जाति दशकौंदेखि महाकाली नदीमा बालुवा, गिट्टी छानेर जीविका चलाउँदै आएका छन् ।

पुर्ख्यौली पेसा संकटमा परेपछि बर्दियाबाट बसाइँ सरेर कञ्चनपुरको भीमदत्त नगरपालिका-१२ र १३ मा बसोबास गर्दै आएका उनीहरूको आर्थिक अवस्था अझै दयनीय हुँदै आएको छ । हिउँदका बेला महाकाली नदीमा ढुंगा, गिट्टी र बालुवा छानेर छाक टार्दै आएका उनीहरू वर्षाका बेला भने गाउँबस्तीमा ज्याला मजदुरी गरेर जीविका चलाउने गर्छन् । वडा नं १२ ओदालीका रमेश सोनाहाले लामो समयदेखि परिवारको गुजारा चलाउन महाकाली नदीको बगरमा गिट्टी कुट्नेदेखि गाउँमा मजदुरी, ट्र्याक्टरमा मजदुरी र स्कुलको होस्टेलमा भाँडा सफा गर्नेसम्मका काम गर्दै आएको सुनाए ।

‘अहिले महाकालीको बगरमा मजदुरी नगरे बेलुकी चुलो बाल्न मुस्किल पर्छ,’ उनले भने, ‘आफूसित भएको आधा कट्ठा जग्गाको पुर्जा यतिका वर्ष बित्दा पनि हातमा परेको छैन ।’ रमेशले स्थानीय सरकार बनेपछि पनि आफ्नो समुदायलाई उपेक्षा गरिएको दुखेसो गरे । ‘जग्गाधनी पुर्जा दिन्छौं र घर पनि बनाइदिन्छौं भनेर झोपडीको फोटोसमेत खिचेर लगेको वर्षौं भयो,’ उनले भने, ‘यतिका वर्षसम्म ऐलानी जग्गामा बसी बगरमा संघर्ष गरेर बाँच्नु परेको छ ।’

त्यसैगरी, प्रकाश सोनाहाले पहुँचका आधारमा स्थानीय सरकारले जनतालाई सेवा दिँदै आएको आरोप लगाए । ‘राज्यबाट नागरिकताबाहेक केही पाएनौं,’ उनले भने, ‘बर्दियामा रहनुभएका सोनाहा जातिलाई अनेकन सुविधा दिएको सुन्छौं तर यहाँ आश्वासनबाहेक केही पनि पाइएन ।’ प्रकाशले स्थानीय सरकारले दुईकोठे घर बनाइदिने आशा टुटेको बताए ।

‘बाढीका बेला भुजेला खोला र महाकालीबाट प्रताडित हुँदासमेत राहत पाएनौं,’ उनले भने, ‘त्यो बेला पनि दातृ संस्थाहरूले दिएको चामल र लत्ताकपडा पाएर ओत लाग्नसम्म पाइयो ।’

त्यसैगरी, ऐरीकै सविता सोनाहाले महाकाली नदीमा गिट्टी, र बालुवाको भरले छाक टार्नुपरेको गुनासो गरिन् । ‘राम्रोसित खटिए एक दिनमा एक हजार रूपैयाँसम्म कमाउन सकिन्छ,’ उनले भनिन्, ‘हाम्रो त मुख्य रोजगारी भनेकै बगरमा दुःख गर्नुबाहेक केही छैन ।’ उनले दलित बालबालिकालाई राज्यले दिने सुविधा सोनाहा जातिका बालबालिकालाई पनि दिनुपर्नेमा जोड दिइन् ।

वडा नं. १२ की कार्यालय सचिव राधा भट्टले गत वर्ष तीन सोनाहा परिवारलाई वडा कार्यालयबाट जीविकोपार्जन कार्यक्रमअन्तर्गत बंगुर उपलब्ध गराएको बताइन् । चालु आर्थिक वर्षमा उक्त जातिको जीविकोपार्जनकै लागि बाखापालनमा ५० हजार बजेट विनियोजन गरिएको उनको भनाइ थियो । *रासस*

# जनशक्तिको अभावले भिडियो एक्स–रे सेवा ठप्प

**अर्घाखाँची-** अर्घाखाँचीको छत्रदेव गाउँपालिकामा रहेको बल्कोट प्राथमिक स्वास्थ्य केन्द्रमा दक्ष जनशक्ति नहुँदा भिडियो एक्स-रे सेवा सञ्चालन हुन सकेको छैन । छत्रदेव गाउँपालिका-२ बल्कोटमा रहेको यस प्राथमिक केन्द्रमा दुईवटा भिडियो एक्स-रे उपकरण रहे पनि दक्ष जनशक्तिको अभावमा एक वर्षदेखि सो सेवा सञ्चालन हुन नसकेको त्यहाँका प्रमुख विष्णु खनालले बताए ।

भिडियो एक्स-रे गर्ने चिकित्सक अध्ययन बिदामा गएपछि विगत एक महिनादेखि यस्तो समस्या भएपछि सेवाग्राही भिडियो एक्स-रे गर्न जिल्ला अस्पताल सन्धिखर्क र निजी क्लिनिकमा जान बाध्य भएका छन् । भिडियो एक्स-रे सञ्चालन नहुँदा गर्भवती बढी मर्कामा परेका छन् । चिकित्सक आरोग्य खनालले बताए ।

उक्त केन्द्रमा चौबिस घण्टा प्रसूति सेवा, ओपिडी, ल्याब, बीमालगायत सेवाहरू प्रदान हुँदै आएकाले अर्घाखाँचीको छत्रदेव गाउँपालिका, पाणिनी गाउँपालिका र गुल्मीको छत्रकोटका बासिन्दा पनि लाभान्वित हुँदै आएका थिए । जनरल एक्स-रे पनि दक्ष जनशक्तिको अभावमा सोही केन्द्रका कार्यालय सहयोगी रेनुप्रसाद खनालले सञ्चालन गर्दै आएकी थिइन् । तालिमको भरमा सात वर्षदेखि एक्स-रे सञ्चालन गर्दै आएकामा अहिले प्राविधिक समस्याका कारण यो पनि चलाउन नसकिएको उनको भनाइ थियो । *रासस*

## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित २०८०/११/१७ गते)

खग राज पोखेलको नातिनी, थानेश्वर पोखेलको छोरी, बैकुण्ठ सुवेदीको पत्नी ललितपुर जिल्ला, ल.पु.म.न.पा. वडा नं २, बस्ने सान्त्वना सुवेदीको मिति २०७९/०२/३१ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको पुतलीसडक शाखामा रहेको बचत खाता नं.००१००२४२६८५०००१ मा मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनी निज खातावालाको पति बैकुण्ठ सुवेदीले यस बैंक शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागजातसहित यस बैंकको शाखा कार्यालय पुतलीसडक, काठमाडौंमा हकदावी गर्न आउनु होला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय पुतलिसडक, काठमाडौं फोन नं. ०१-५३३२११२/१३

## शंखरापुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
साँखु, काठमाडौं
बागमती प्रदेश, नेपाल

### उद्योग तथा व्यवसायका लागि जनहितमा जारी सन्देश

१. विक्रेताले बिक्री वितरण हुने समानको मूल्य सूची स्पष्ट रूपमा देखिने गरी बिक्री कक्षमा राख्नुपर्नेछ ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिनभित्र अनिवार्य रूपमा नापतौल कार्यालयबाट अनुमति पत्र लिई मात्र प्रयोग गर्ने ।
३. आफूले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरू (ढक, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नविकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरू बिक्री गर्नुपरेमा अनिवार्य रूपमा सम्बन्धित नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र बिक्री वितरण गर्ने ।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने ।
६. नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी उजुरी दिने ।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडावर्तन तथा सतहलाई खानामा प्रयोग गर्न सकिने जीवाणुनासक वस्तु (सेनिटाइजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. किट (हानिकारक जीव) हरूको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
९. बिमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरूलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिनदेखि ४८ घण्टासम्म काममा नलगाउने ।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पक्काइसकेपछि नियमित रूपमा फेरबदल गर्नुपर्नेछ ।
११. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरी राम्ररी पकाउनु पर्नेछ ।
१२. बासी, सडेगलेका अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्य पदार्थ उपभोग नगरौं ।
१३. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डालगायत छिटो सडीगली जाने खानेकुराहरूलाई ५ डिग्री सेल्सियस या सोभन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसाग लेबल लगाउनु पर्नेछ ।

**वस्तु तथा सेवामा समान पहुँच, गुणस्तरीय वस्तुको छनौट, मूल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानी पुर्‍याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ति अधिकार प्राप्त अधिकारीबाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईंको अधिकार हो । आफ्नो कर्तव्य र अधिकार प्रति सचेत रहौं ।**


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : LEE VILLA CAFE FOR PROVIDES DRINKS
पूर्व स्वीकृति मिति: २०८०/११/१५ LT. No. 300636 चलानी न. ६०२१५६००

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 2 | 0 | 1200 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन २४ गते (7th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Sulav Recruitment Pvt.Ltd.
Govt. License No. 1336/074/075
Maharajgunj, sankhapark, Kathmandu Nepal,
Telephone : +977 1 5903011/5903012
Email : sulavrecruitment@gmail.com, Website: www.sulavhr.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी: LAUNDRY BASKET FOR WASHING CLOTHES
पूर्व स्वीकृति मिति २०८०/११/१५ LT. No.300647 चलानी नं. ६०२१५६१८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Car Driver | 2 | 0 | 1400 | ४९,५६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन २४ गते (7th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Sherpa International Manpower Consultancy Pvt. Ltd.
Govt. License 430/060/061
Koteshwor-32 Kathmandu, Nepal, Tel: +97714361975, Fax: +977 1 4364821

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : SCHMACO AUTO PARTS INDUSTRIES SDN BHD
पूर्व स्वीकृति मिति: २०८०/०८/०८ पुन विज्ञापन स्वीकृति मिति : २०८०/११/१६ LT No: 295443 चलानी नं. ६०२१०६१७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 5 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : F&N BEVERAGES MANUFACTURING SDN BHD (44837-P)
पूर्व स्वीकृति मिति २०७९/०९/०७ पुन विज्ञापन स्वीकृति मिति : २०८०/११/१६ LT No : 277067 चलानी नं ६०१९३६४१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 49 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन २४ गते (7th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

B.M. Overseas Pvt. Ltd.
श्रम ईजाजत नं. ३८५/०५९/०६०
Bijuli Bazar, New Baneshwor, KTM, Tel: +977-1- 4790292
E-mail: info@bmoverseas.com Website : www.bmoverseas.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ALI BIN HASHEM BIN MOHAMMED AL HUSSEIN CONTRACTING EST
पूर्व स्वीकृति मिति २०८०/६/४ पुन विज्ञापन स्वीकृति मिति : २०८०/११/१६ LT. No. 292838 चलानी नं. ६०२०७८९०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 47 | 0 | 1000 | ३५,४०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ALI BIN HASHEM BIN MOHAMMED AL HUSSEIN CONTRACTING EST
पूर्व स्वीकृति मिति २०८०/६/४ पुन विज्ञापन स्वीकृति मिति : २०८०/११/१६ LT. No. 292839 चलानी नं. ६०२०७८९१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 61 | 0 | 1000 | ३५,४०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन २७ गते (10th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Avion Human Resource Management Pvt. Ltd.
श्रम ईजाजत नं. १५२४/०७४/७५
Sinamangal-9, (Airport Gate) Kathmandu, Nepal.
Tel No.: +977 1 4599632, 4584744 Fax: +977-1-4479363
Email: avionhumanrm@gmail.com., Website: www.avionhrm.com.

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SAFIR PLUS VALET PARKING SERVICES LLC
पूर्व स्वीकृति मिति २०८०/१०/१५ पुन विज्ञापन स्वीकृति मिति: २०८०/११/१६ LT. No.299037 चलानी नं.६०२१३९७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Ticket Collector | 33 | 0 | 1000 | ३६,२७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : INTEGRATED PARKING SERVICES LLC
पूर्व स्वीकृति मिति २०८०/१०/१५ पुन विज्ञापन स्वीकृति मिति: २०८०/११/१६ LT. No.299036 चलानी नं.६०२१३७९१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Ticket Collector | 50 | 0 | 1000 | ३६,२७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन २४ गते (7th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: नि:शुल्क कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Green Tara International Overseas Services Pvt. Ltd.
श्रम ईजाजत नं. १०१८/०६८/०६९
Damodar Marga,Jawalakhel, Lalitpur, Tel: +977-015442013/14
Email: greentara.overseas@gmail.com, Website : www.greentaraintl.com


## Kalika Municipality
## Office of Municipal Executive
Redcrossgram, Chitwan
Bagmati Province

### INVITATION FOR SEALED QUOTATION BIDS

**Contract Identification No: 017/Works/SQ/KM/080/081**
**First date of publication: - 2080/11/17 (29th Feb, 2024)**

1. Kalika Municipality Office of Municipal Executive Redcrossgram, Chitwan invites electronic sealed quotation bids from eligible bidders for construction mentioned in the table below.

| S.N. | Contract No. | Description of Work | Bid Validity/Bid Bond Validity Period | Estimated Amount (NRs.) (Exclusive of VAT and Contingencies) | Bid Security Amount (NRs.) | Price of Bid Document (NRs.) |
|---|---|---|---|---|---|---|
| 1 | 017/Works/SQ/ KM/080/081 | ROAD SIDE RCC DRAIN/CANNEL CONSTRUCTION IN WARD NO - 7 OF KALIKA MUNICIPALITY (Second Phase) | 75 days from the day of bid opening i.e., upto 2081-02-18 (31st May, 2024) | 17,27,631.54 | 50,000.00 | 1,000.00 |

**Account details for purchasing bidding document and bid security deposit**
Name of the Bank: Global IME Bank Ltd., Kholesimal Branch, Chitwan.
Name of Office: Kalika Municipality, Office of Municipal Executive, Chitwan.
Office Account no.:11304010000013 (For Purchase Bidding Document), A/C Name: Rajaswa (Revene) Account, राजस्व शिर्षक नं: १४२१९
Office Account no.:11304010000004 (For Bid Security deposit), A/C Name: Ga 3 Dharauti Khata
**Last Date of Bids Submission Date: Before 12 PM on 2080-12- 04(17th March, 2024)**
**Bids Opening Date: At 13:00 PM on 2080-12- 04(17th March, 2024)**
**Location: Kalika Municipality Office of Municipal Executive, Redcrossgram, Chitwan.**

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents atthe Kalika Municipality Office of Municipal ExecutiveRedcrossgram, Chitwan during office hours or may visit **PPMO's e-GP systemwww.bolpatra.gov.np/egp.**

**Chief Administrative Officer**

# प्रभाव दैनिक

रूपशाला


## 'टाँक'मा प्रियंकाको गाउँले रूप

अभिनेत्री प्रियंका कार्कीले निर्माण गरेको सर्ट फिल्म हो 'टाँक' । 'टाँक'को फष्टलुक्स सार्वजनिक भएको छ । फष्टलुक्समा पनि प्रियंका आफैँ देखिएकी छन् । पोष्टरमा प्रियंकालाई दुर्गम गाउँको दुःखी विवाहित महिलाको रूपमा चित्रण गरिएको छ । धादिङमा छायांकन भएको 'टाँक'लाई साम्तेन भुटियाले निर्देशन गरेका हुन् । प्रियंका अहिले दुई फिचर फिल्म रिलिजको तयारीमा छिन् । उनले यो 'टाँक' अन्तर्राष्ट्रिय महोत्सवमा पठाउने गरेर निर्माण गरेकी हुन् । 'टाँक' प्रियंकाकै कम्पनी आयंका फिल्मसबाट निर्माण भएको हो । फिल्ममा प्रियंकाका अलवा रोयल केसी, एलेक्स केसी, अरूण रेग्मी, घनश्याम जोशी, 'प्रकाश' अभिनेत्री रेनु योगी लगायतको अभिनय छ । निर्देशक भुटियाकै लेखन र सम्पादन रहेको 'टाँक'को निर्माता प्रियंका र उनका श्रीमान् आयुष्मान देशराज जोशी हुन् ।





बिहीबार १७, फागुन २०८० (Thursday, February 29, 2024)


# चुँदीरम्घालाई राष्ट्रिय एकताको केन्द्र तीर्थस्थल बनाउन राष्ट्रपतिको जोड

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** राष्ट्रपति रामचन्द्र पौडेलले आदिकवि भानुभक्त आचार्यको जन्मस्थल चुँदीरम्घालाई सिंगो नेपालको प्रतिबिम्ब झल्कने गरी राष्ट्रिय एकताको केन्द्र र संसारभरिका नेपाली एकचोटी पुग्नैपर्ने साहित्यिक तीर्थस्थलका रूपमा विकास गरिनुपर्ने धारणा व्यक्त गरेका छन् । भानु साहित्य उद्यानको सहकार्यमा भानु नगरपालिकाद्वारा आयोजित भानु साहित्य उद्यानको गुरुयोजना अवधारणापत्र एवम परामर्श कार्यक्रममा बोल्दै राष्ट्रपति पौडेलले सो धारणा व्यक्त गरेका हुन् ।

उनले देशका सातै धाम एकै ठाउँमा निर्माण गरेर यहाँ नेपालका नेपाली, नेवारी, मैथिली, भोजपुरी, अवधी, राई, लिम्बू तामाङ, गुरुङ मगर इत्यादि सबै भाषाका साहित्यिक प्रतिभाहरूलाई एकै ठाउँमा राखेर कलात्मक र प्राकृतिक सौन्दर्यसहित आर्थिक सहयोग जुटाएर गुरुयोजना अनुरूप भानु साहित्य उद्यान निर्माणको परिकल्पनालाई साकार पार्न लाग्नुपर्नेमा जोड दिए ।

'यसले नेपाली राष्ट्रिय भावनालाई उद्वेलित र उद्दीप्त गराउने छ तथा जीवनमा नेपालीले एकपटक पुग्नै पर्ने साहित्यिक तीर्थस्थल र पर्यटकीय गन्तव्य स्थल बनाउने छ भन्ने मलाई पूर्ण विश्वास छ', राष्ट्रपति पौडेलले भने । आदिकवि भानुभक्तको प्रतिमा केन्द्रमा राखेर अन्य भाषाभाषीका आदिकवि, ती भाषाका विशिष्ट साहित्यिक प्रतिभा र आ-आफ्ना मातृभाषामा विशिष्ट रचना गर्ने कविहरूको प्रतिमा स्थापना गरी चुँदीरम्घालाई विभिन्न भाषाका कविहरूको फूलबारी बनाउँदै एउटा विशिष्ट साहित्यिक तीर्थस्थलको रूपमा विकास गर्नुपर्ने उनको भनाइ थियो ।

साहित्यिक तीर्थयात्रीका निम्ति चुँदीबेँसी, भानु स्मृति भवन, रम्घाको डाँडो, नेपाली साहित्यका कवि शिरोमणि लेखनाथ पौडेलको जन्मथलो अर्घौअर्चले, जनकवि केशरी धर्मराज थापाको बाटुलेचौर र लोकगायक अलि मियाको जन्मस्थल कुँडहर हुँदै राष्ट्रकवि माधव घिमिरेको घर पुस्तुन लमजुङ, मानुङ आदि विविध भानुस्मृति स्थलहरू संयोजन गरी एउटा भानु सर्किट बनाउन सकिने र यस सर्किटले भानुभक्तका स्मृतिलाई चिरकालसम्म जीवन्त बनाई राख्ने उनको भनाइ थियो ।

आफूले दार्जीलिङ र सिक्किमको भ्रमणका बेला यस्तो उद्यानको परिकल्पना गरेको उल्लेख गर्दै राष्ट्रपति पौडेलले चुँदीरम्घाको डाँडामा सिक्किममा चार धाममा शिवजीको मूर्ति राखे जस्तै ठूलो बाटुलो भवनको धुरीमा भानुभक्तको प्रतिमा राखेर चारैतिर देखिने गरी अर्थात् दक्षिणमा बन्दीपुर, छिम्केश्वरी, पश्चिममा मानुङ, तनहुँसुर, उत्तरमा मिर्लुङकोट र तुर्लुङकोट, पूर्वमा लिगलिग कोट हुँदै गोरखा कालिका र मनकामनाबाटसमेत देख्न सकिने बनाऔँ भनेर यो परिकल्पना अघि सारेको स्मरण गरे । 'नेपालका सात प्रदेश र सो क्षेत्रका सप्त गण्डकीसमेतको प्रतीकात्मक स्थलका रूपमा यो उद्यान तयार हुन सक्छ', उनले भने ।

कार्यक्रममा सांसदहरू प्रदीप पौडेल, कृष्णकुमार श्रेष्ठ शिशिर खनालले धेरै भन्दा छरितो संरचना, डिजिटल र प्रविधिमैत्री प्रस्तुतिहरू राखेर यसलाई एउटा आकर्षक स्थलका रूपमा विकास गरिनुपर्नेमा जोड दिए । भानु नगरपालिकाका मेयर आनन्दराज त्रिपाठीले नगरपालिकाले यस सम्बन्धमा गरेका काम तथा योजना, समितिका उपाध्यक्ष डा व्रतराज आचार्यले भानु साहित्य उद्यानको गुरुयोजना अवधारणापत्र र महासचिव काशीराज आचार्यले विषयवस्तुबारे प्रकाश पारेका थिए । कार्यक्रममा डा वासुदेव त्रिपाठी, रमा शर्मालगायतका साहित्यकार, विभिन्न प्रतिष्ठानका उपकुलपति, प्राज्ञलगायतले भानु साहित्य उद्यानका विविध पक्षबारे प्रकाश पारेका थिए ।

# 'अगस्त्य च्याप्टर १'को अग्रिम टिकट बुकिङ खुला




■ **प्रभाव संवाददाता**

**काठमाडौं–** शुक्रबार (भोलि)बाट विश्वव्यापी प्रदर्शनमा आउन लागेको फिल्म 'अगस्त्य च्याप्टर १' को एडभान्स बुकिङ खुलेको छ । सौरभ चौधरी निर्देशित फिल्मलाई देशकै ठुलो मल्टिप्लेक्स चेन क्युएफएक्सले उपत्यकाभित्र १५ शो दिएको छ भने उपत्यकाबाहिर २९ शो दिएको छ ।

यस्तै काठमाडौंको वान सिनेमाजले दुई चेन गरेर ८ शो, बीग मुभिजले ३ शो, एफक्यूबले ३ शो, बीएसआरले ४ शो, आइएनआई चेनले सबै हलमा गरेर १२ शो दिएको छ । उपत्यका बाहिरका अन्य थिएटरले प्रत्येक थिएटरमा ३-३ शो दिएका छन् । शोको अनुपात हेर्दा देशभरका १ सय ११ फिल्म हलले 'अगस्त्य च्याप्टर १'लाई २ सय ५९ शोहरू उपलब्ध गराएका छन् ।

फिल्ममा सौगात मल्ल, नाजिर हुसेन, मलिका महत, प्रमोद अग्रहरी, निश्चल बस्नेत, बेन बस्नेत, विजय बराल, रवीन्द्र झा, शिशिर बाङ्देल, सिम्रन खड्का, प्रकाश दाहाल, प्रदीप ढकाल, गजेन्द्र त्रिपाठी, सचिन चन्द्रलगायतका कलाकारको अभिनय छ ।

विश्व गौचन र अभिषेक चौधरी कार्यकारी निर्माता तथा प्रकाश मल्ल, अनिस तामाङ र विनोद पौडेल निर्माता रहेको फिल्ममा सञ्जय लामाको छायाङ्कन, निर्देशक चौधरी स्वयंको लेखन, निमेष श्रेष्ठको सम्पादन, कविराज गहतराजको कोरियोग्राफी, श्री श्रेष्ठको द्वन्द्व निर्देशन र एसडी योगीको संगीत छ ।

डार्क हर्स इन्टरटेनमेन्ट र सेभेन सिज इन्टरटेनमेन्टको प्रस्तुति रहेको फिल्म अमेरिका र बेलायतमा ८ सयदेखि एक हजार शो, क्यानडामा १ सय ५० शो, युरोपका अन्य देशसँगै जापान, कोरिया, हङकङ र थाइल्यान्डमा १ सय ५० शो, अस्ट्रेलिया र न्युजिल्याण्डमा पाँच सय शो र मध्यपूर्वका देशहरूमा ७ सय ५० शोमा रिलिज हुने छ ।


रंगशाला


त्रिकोणात्मक टी-२० सिरिज

# नेपालको लगातार दोस्रो हार




■ **प्रभाव संवाददाता**

**काठमाडौं–** राजधानीमा जारी त्रिकोणात्मक टी-२० अन्तर्राष्ट्रिय क्रिकेट शृंखलाको बुधबारको खेलमा पनि नेपालले पराजय भोगेको छ । अन्तिम बलमा चार आवश्यक रहेको अवस्थामा रहेको नेपालले १ रनमात्र बनाएपछि खेलमा २ रनको पराजय भोग्यो ।

कीर्तिपुरस्थित अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा टस हारी पहिले ब्याटिङ गरेको नेदरल्यान्ड्सले निर्धारित ओभरमा चार विकेट गुमाएर एक सय ८४ रन बनाएर नेपाललाई १८५ रनको लक्ष्य दिएको थियो । जवाफी ब्याटिङमा ओर्लिएको नेपालले निर्धारित ओभरमा आठ विकेट गुमाएर एक सय ८२ रन मात्र बनाउन सक्यो ।

खेलको अन्त्यतिर दीपेन्द्रसिंह ऐरीले नेपाललाई जितको नजिक पुऱ्याए पनि अन्त्यसम्म नटिक्दा नेपालले हार ब्यहोऱ्यो । नेपालका लागि पाँचौं नम्बरका ब्याट्सम्यान दीपेन्द्रले अर्धशतकीय पाली खेले । उनले ३४ बलमा तीन छक्का र ६ चोकाको मद्दतले ६३ रन बनाएका थिए । कप्तान रोहित पौडेलले पनि अर्धशतक बनाएका थिए । उनले ३६ बलमा दुई छक्का र ६ चौका प्रहार गरे । ओपनर आसिफ शेखले पनि टोलीको खातामा ३४ रन थपे । नेदरल्यान्ड्सका बलर मर्वे र साइब्रान्डले दुई-दुई विकेट लिए ।

त्यसअघि पहिले ब्याटिङ गरेको नेदरल्यान्ड्सका लागि ओपनर ब्याट्सम्यान माइकल लिभेटले अर्धशतकीय पाली खेलेका थिए । उनले ५४ रन बनाएका थिए । तेस्रो नम्बरका ब्याट्सम्यान साइब्रान्डले पनि टोलीको खातामा अविजित ४९ रन थपेका थिए । कप्तान स्कट एडवार्डसले ३३ रन बटुले । तेजा निदामानुरुले पनि टोलीको खातामा ३१ रन थपे । नेपालका लागि करण केसी र कुशल मल्लले एक-एक विकेट लिए ।

नेपालले आफ्नो पहिलो विकेटका रूपमा कुशल भुर्तेललाई गुमाएको हो । उनी खाता खोल्नुअघि नै पेभेलियन फर्किएका थिए । उनी यसअघि मंगलबार नामिबियासँगको खेलमा पनि शुन्य रनमै आउट भएका थिए । नेपालले दोस्रो विकेटका रूपमा आसिफ शेखलाई गुमाएको थियो । विकेटकिपर ब्याट्सम्यान आसिफ ३४ रन बनाउँदै आउट भएका हुन् । नेपालले तेस्रो विकेटका रूपमा कुशल मल्ल ११ रन बनाउँदै डच बलर साइब्रान्डले निदामानुरुमार्फत क्याच आउट भएका थिए ।

नेपाली टोलीले चौथो विकेटका रूपमा कप्तान रोहित पौडेललाई गुमाएको थियो । उनी अर्धशतक बनाउँदै पेभेलियन फर्किएका हुन् । उनले ३५ बलको सामना गरी दुई छक्का र ६ चौकाको मद्दतले अर्धशतक पुरा गरेका हुन् । नेपालले पाँचौं विकेटका रूपमा सन्दीप जोरा आठ रनको ब्यक्तिगत स्कोरमा पेभेलियन फर्किएका थिए ।

नेपालले छैटौं विकेटका रूपमा सोमपाल कामीलाई गुमाएको थियो । सातौं नम्बरमा क्रिज समाल्न आएका सोमपाल पहिलो बलमै आउट भएका थिए । नेपालले सातौं विकेटका रूपमा करण केसीलाई गुमाएको थियो । उनी सात बलमा एक छक्काको मद्दतले ११ रन बनाउँदै आउट भएका थिए । उनी रन आउट भएका थिए । १९.३ ओभरमा उनी आउट हुँदा नेपालले एक सय ८१ रन बनाएको थियो । त्यसअघि पहिले ब्याटिङ गरेको नेदरल्यान्ड्सले पहिलो विकेटका रूपमा ओपनर म्याक्स ओ'डडलाई चार रनको ब्यक्तिगत स्कोरमा गुमाएको थियो । उनको विकेट नेपाली बलर करण केसीले लिएका थिए । करणले उनलाई दीपेन्द्रसिंह ऐरीद्वारा क्याच गराएका थिए । २.१ ओभरमा उनी आउट हुँदा नेदरल्यान्ड्सले १५ रन बनाएको थियो ।

नेदरल्यान्ड्सको दोस्रो विकेट कुशल मल्लले लिएका थिए । उनले आक्रामक ब्याटिङ गर्दै केवल ३६ बलमा तीन छक्का र पाँच चौकाको मद्दतले ५४ रन बनाएका थिए । तेस्रो विकेटका रूपमा स्कट एडवार्डसलाई गुमाएको थियो । उननले १६ बलमा पाँच चौकाको मद्दतले ३३ रन बनाएका थिए । नेदरल्यान्ड्सले चौथो विकेटका रूपमा तेजा निदामानुरुलाई गुमाएको थियो । उनी रन आउट हुँदै पेभेलियन फर्किएका थिए । अब सिरिजअन्तर्गतको तेस्रो खेल आज (बिहीबार) नेदरल्याण्ड्स र नामिबियाबीच हुने छ ।


## उदयपुरगढी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
उदयपुरगढी, उदयपुर
कोशी प्रदेश, नेपाल

### बोलपत्र आह्वान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः- २०८०/११/१७, ने.सं. ११४४, सिल्लागा, ५ बिहीवार

उदयपुरगढी गाउँपालिकाको आ.व. २०८०/८१ का लागि स्वीकृत कार्यक्रमबाट तपसिल बमोजिमको निर्माण कार्य गर्नुपर्ने भएकोले ईजाजत प्राप्त फर्म/कम्पनीहरुलाई उल्लेखित सर्तहरुको अधीनमा रही रीतपूर्वक **विद्युतीय खरिद प्रक्र्या** (E-Bid) मार्फत सहभागी हुन जानकारीको लागि यो बोलपत्र आह्वान सम्बन्धी सूचना प्रकाशन गरिएको छ ।

तपसिल

| ठेक्का नं. र प्रकार | कामको विवरण | बोलपत्र लागत (VAT बाहेक) रकम | बोलपत्र जमानत रकम | बोलपत्र फाराम खरिद रकम | बोलपत्र बुझाउने | बोलपत्र खुल्ने अन्तिम मिति | रकम जम्मा सम्बन्धी विवरण |
|---|---|---|---|---|---|---|---|
| URM/NCB /Works/ 07-2080/81 | Construction Of Cold Chamber In Ward No.06 | ३४,२९,७८,७.४६ | ९०,०००/- | ३,०००/- | २०८०/१२/१९ समयः- दिनको १२:०० बजे | २०८०/१२/१९ समयः- दिनको १:०० बजे | सानिमा बैंक राजश्व खाता नं. १२४०१००४००००००१ धरौटी खाता १२४०१००४००००१५ |

**नोटः- यस सम्बन्धी विस्तृत जानकारीका लागि उदयपुरगढी गाउँपालिकाको** Website:- **www.udayapurgadhimun.gov.np** मा हेर्नहुन अथवा कार्यालयको सम्पर्क नं. ९८५२०४६९००, ९८५२८३५२७९, ९८४५२३०८२७, ९८४९०७९३२५, ९८५२८३५२७८ मा सम्पर्क गर्नको लागि जानकारी गराइन्छ ।

**प्रमूख प्रशासकीय अधिकृत**



## शारदा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
खलंगा, सल्यान
कर्णाली प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सुचना

प्रकाशित सुचना २०८०/११/१७ गते

यस कार्यालय बाट मिति २०८०।१०।१० गते आह्वान गरिएको बोलपत्र नं. SMO/NCB/W/03/2080/081(Marke-Khairabang-Shreenagar Road Construction & Upgrading Project) को सुचना अनुसार म्याद भित्र पर्न आएका बोलपत्रहरुको मुल्याङकन गर्दा न्युनतम मुल्याङकित सारभुत रुपमा प्रभावग्राही बोलपत्र तपसिल बमोजिम निर्णय गरीएकोले सार्वजनिक खरिद ऐन२०६३ को दफा २७ को उपदफा २ को प्रयोजनका लागि यो सुचना प्रकाशित गरीएको ब्यहोरा सबैको जानकारीको लागि अनुरोध छ ।

तपसिल

| ठेक्का नं. | बोलपत्रदाताको नाम ठेगाना | छनोट गरीएको बोलपत्रको विवरण | कबोल अंक (भ्याट र PS बाहेक) | कैफियत |
|---|---|---|---|---|
| SMO/NCB/W/03/2080/081 | M/S Nawa Kamal-Bluestone JV | Marke-Khairabang-Shreenagar Road Construction & Upgrading Project | Nrs 60,80,350.60 /- (Sixty Lakhs Eighty Thousands Three Hundred Fifty rupees & Sixty Paisa Only) | |

प्रमुख प्रशासकीय अधिकृत

# बाइडेन र ट्रम्प दुवै मिचिगनबाट निर्वाचित हुने करिब पक्का



**वासिङ्टन-** अमेरिकी राष्ट्रपति जो बाइडेन र पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्प दुवै नेताले अमेरिकी राष्ट्रपतिका लागि अर्थपूर्ण मानिएको राज्य मिचिगनमा डेमोक्रयाटिक र रिपब्लिकन पार्टीको प्राइमरी मतदानमा जित हासिल गर्ने अनुमान गरिएको छ ।

एनबिसी न्युज, द एसोसिएटेड प्रेस, द वासिङ्टन पोस्ट, द वाल स्ट्रिट जर्नल, एबिसी न्युजलगायत सञ्चारमाध्यमले उत्तरी राज्यमा स्थानीय समयअनुसार राति ८:०० बजे मतदान सम्पन्न भएको केही मिनेटपछि उक्त प्रक्षेपण गरेका हुन् ।

राष्ट्रपति बाइडेनले मिनेसोटाका सांसद डीन फिलिप्सलाई सहजै पराजित गरेका छन् । मिचिगनमा युवा साथै मुस्लिम र अरब अमेरिकी मतदातालगायत विभिन्न अधिकारकर्मीहरूले इजरायल-प्यालेस्टाइन द्वन्द्वलाई बाइडेन प्रशासनले गरेको व्यवहारको विरोधमा 'अप्रतिबद्ध' रूपमा मतदान गर्ने अभियानको संयोजन गरेका थिए ।

सन् २०१६ मा ट्रम्पले डेमोक्रयाटिक उम्मेदवार हिलारी क्लिन्टनलाई ११ हजार मतले पराजित गरेका मिचिगनमा २० हजारभन्दा बढी डेमोक्रयाट मतदाताहरूले 'अप्रतिबद्ध' विकल्पका लागि मतदान गरेका छन् ।

संयुक्त राष्ट्रसंघका लागि पूर्वअमेरिकी राजदूत तथा दक्षिण क्यारोलिनाकी पूर्वगभर्नर निक्की हेलीलाई पराजित गर्दै ट्रम्पले रिपब्लिकन पार्टीको तर्फबाट जित हासिल गरेका छन् । मिचिगनका ५५ राष्ट्रपति प्रतिनिधिमध्ये १६ जनाको मात्र प्राथमिक नतिजाका आधारमा निर्णय गरिने छ भने बाँकी प्रतिनिधि (डेलिगेट्स) लाई मार्च २ मा हुने रिपब्लिकन कन्भेन्सनमा वितरण गरिने छ ।

इमर्सन कलेजपोलिङ/द हिलको नयाँ सर्वेक्षणअनुसार मिचिगनका ३१ प्रतिशत मतदाताका लागि अर्थतन्त्र सबैभन्दा ठूलो मुद्दा हो भने अन्य आप्रवासन, लोकतन्त्र, स्वास्थ्य सेवा, आवासका लागि खतरा, शिक्षा, अपराध र गर्भपतन पहुँच उनीहरूको चासोको विषय हो ।

मिचिगन अमेरिकी राष्ट्रपतीय चुनावमा मतका हिसावले एक महत्त्वपूर्ण राज्य हो । ट्रम्पले सन् २०१६ को राष्ट्रपतीय चुनावमा हिलरी क्लिन्टनलाई ०.२ प्रतिशतले पराजित गर्दै विजयी भएका थिए । त्यसको चार वर्षपछि बाइडेनले २.८ प्रतिशत मतान्तरले जित हासिल गरेका थिए ।

अमेरिकी अधिकांश राज्यहरूमा राष्ट्रपतीय प्राइमरी मतदान हुने 'सुपर टचुस्डे' नजिकिँदै छ । रिपब्लिकन वा डेमोक्रयाटिक अधिवेशनहरूमा भाग लिने लगभग एकतिहाइ प्रतिनिधिहरू सामान्यतया यस दिन तय गरिन्छ । यस वर्षको 'सुपर टचुस्डे' मार्च ५ मा परेको छ र उक्त दिन, लगभग १५ राज्य र एक क्षेत्रमा मतदान हुने छ ।

आधिकारिक रूपमा पार्टीको प्रतिनिधिहरूद्वारा चयन गरिने राष्ट्रपति पदको उम्मेदवार जुलाईमा रिपब्लिकन नेसनल कन्भेन्सनभन्दा पहिले घोषणा हुनुपर्नेछ र यो जुनका लागि तय भएको छ । त्यसपछि अगस्टमा डेमोक्रयाटिक नेसनल कन्भेन्सन हुँदै सन् २०२४ को नोभेम्बर ५ मा अमेरिकी नयाँ राष्ट्रपति चयनका लागि हुने मतदान हुने छ । *रासस/एएफपी*


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी: THE EXCLUSIVE OVEN RESTAURANT FOR SERVING MEALS

पूर्व स्वीकृति मिति २०८०/११/१६ LT. No.300691 चलानी नं. ६०२१५६१४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 2 | 0 | 1000 | ३५,४०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: FOOD SOURCES FOODSTUFF COMPANY

पूर्व स्वीकृति मिति २०८०/११/१६ LT. No.300692 चलानी नं. ६०२१५६१५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 3 | 0 | 1000 | ३५,४०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन २४ गते (7th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Nasser Outsourcing Consultants Pvt. Ltd.**

Ratopool-9, Kathmandu, nepal, Tel: +977-1-4465090 (6 Line), Fax: +977-1-4411950, Email: nocnepal@nassers.org

श्रम ईजाजत नं. ६१९/०६३/०६४



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी: RUKN AL FAYEZEH CONTRACTING EST

पूर्व स्वीकृति मिति: २०८०/०९/१८ पुन विज्ञापन स्वीकृति मिति २०८०/११/१५ LT. No.297553 चलानी नं. ६०२१२५७५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Air Distribution Network Electrical Technician | 1 | 0 | 1500 | ५३,४९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन २३ गते (6th Mar. 2024) मा हुनेछ ।

पेश गनुपर्ने कागजातहरू: Air Distribution Network Electrical Technician क्षेत्रमा दक्ष, अनुभव भएको सम्बन्धीत कामको Certificate मा परराष्ट्रको छाप र SEE पास Certificate हुनुपर्ने छ

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

यस म्यानपावरको लागि Manager-1 (M/F), Receptionist-1 (M/F) को आवश्यक परेको हुँदा सम्बन्धित क्षेत्रमा २ देखि ३ वर्षसम्म अनुभवी आवेदकहरुले सम्पर्क गर्नुहोला ।

**G.R. INTERNATIONAL EMPLOYMENT PVT. LTD.**

Samakhusi-29, Kathmandu, Bagmati Tel : +977-1-4989945

Mobile No: 9841866145, E-mail: gremploymentnepal@gmail.com

श्रम ईजाजत नं. १०१५/०६८/६९



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी: AL MIRQAB TOURIST COMPANY

पुर्व स्वीकृति मिति २०८०/११/१६ LT. No. 300660 चलानी नं. ६०२१५६३२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hotel Service | 0 | 4 | 1300 | ४७,४१० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Hotel Services | 1 | 0 | 1500 | ५४,७०० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन २४ गते (7th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Tenduli International Employment Service Pvt. Ltd.** Govt. License 304/059/60

P.o.Box: 10943, New Baneshwor-34 Kathmandu, Nepal. Tel: +977 1-5919243, 977 1-4568734

Fax: +977-1-4460562, Mobile: +9779823237412

Email: info@tendulimanpower.com.np, Web: www.tendulimanpower.com.np



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी: LIANG KEE FARMING SDN

पूर्व स्वीकृति मिति:२०७९/०९/०८ पुन विज्ञापन स्वीकृति मिति: २०८०/११/१६ LT. No. 278147 चलानी नं. ६०१९३७२२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Livestock Worker | 8 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन २४ गते (7th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Al Haya Recruitment Pvt. Ltd.**

Dumbarahi, Kathmandu, Nepal Phone No. +977-1-4008610

E-mail : alhaya.recruitment@gmail.com

श्रम ईजाजत नं. १०९३/०७३/०७४



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी: YOUNG MASTER ENTERPRISE (M) SDN BHD शहर: Pinang पुन विज्ञापन

पूर्व स्वीकृति मिति: २०२२/०९/०१ पुन विज्ञापन स्वीकृति मिति : २०२४/०२/२८ LT. No. 270760 चलानी नं. ६०१८६५७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec) | 25 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन २४ गते (7th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि: शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SKY POWER INTERNATIONAL SERVICE PVT. LTD.(EVEREST GLOBAL RECRUITMENT SERVICE PVT LTD)**

Sallaghari Marg, Bansbari, Kathmandu

Tel:-+977 4372262, 4375012

Email:-skypower.rec@gmail.com

श्रम ईजाजत नं. १२७५/०७४/७५



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी: RAJ HOSPITALITY AND CLEANING SERVICES

पूर्व स्वीकृति मिति २०८०/११/१६ LT. No. 300693 चलानी नं. ६०२१५६०७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 0 | 2 | 1300 | ४७,४१० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Supervisor | 0 | 1 | 2500 | ९१,१७० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन २४ गते (7th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**ALL RAHIM MANPOWER PVT. LTD.**

Chandol-4, Chappalkarkhana, Kathmandu, Nepal Tel: +977-1-4544429, Mob. 9851141406, 9803922236 E-mail: allrahimhr@gmail.com / info@allrahimmanpower.com, Website : allrahimmanpower.com

श्रम ईजाजत नं. १२६४/०७४/०७५


## अधिकृत वारेसनामा वदर गरिएको सार्वजनिक सूचना

**दोस्रोपटक प्रकाशित मिति: २०८०/११/१७**

का.जि.का.म.न.पा. वडा नं. २ उत्तरढोका वस्ने वर्ष ७० को म सुरेन्द्र मान शाक्य (ना.प्र. नं. ३३३२ मिति २०२५।१०।१७ (बागमती अन्चलाधीस) ले ललितपुर जिल्ला विशंखुनारायण वडा नं. १ को हाल परिवर्तित ऐ गोदावरी न.पा. वडा नं. २ बस्ने वर्ष ४१ को श्रीकृष्ण विष्ट (ना.प्र. नं. १००९२१ मिति २०५६।४।५ ललितपुर) लाई मेरा तर्फबाट मुद्दा मामिला गर्नका लागि ललितपुर जिल्ला अदालत बाट २०७५/१०/१७ गते अधिकृत वारेस मुकरर गरी आएकोमा मु.दे.का.सं. २०७४ को दफा १५५ (१) (घ) बमोजिम उल्लेखित अधिकृत वारेसनामा आजैका मिति देखि लागु हुने गरी बदर गरी दिएको सबैको जानकारीका लागि यो सार्वजनिक सूचना प्रकाशित गरी दिएको छ ।

## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित २०८०/११/१६ गते)

चक्र बहादुर गुरुङ्गको नाति, कृष्ण बहादुर गुरुङ्गको छोरा, काठमाण्डौं जिल्ला, का.म.न.पा.वडा नं ४, बस्ने बाबा कृष्ण गुरुङ्गको मिति २०८०/०६/०८ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको पुतलीसडक शाखामा रहेको बचत खाता नं.००१०००००६७८०००००१ र मुद्दती खाता नं.००१०००००६७८००००४ मा मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनी निज खातावालाको पत्नी मन्जु गुरुङ्गले यस बैंक शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कले सवुत प्रमाण कागजातसहित यस बैंकको शाखा कार्यालय पुतलीसडक, काठमाडौंमा हकदावी गर्न आउनुहोला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय पुतलिसडक, काठमाडौ फोनं नं. ०१-५३३२११२/१३

# Nepalgunj Sub-Metropolitan City Office

Nepalgunj, Banke

## Invitation for Sill Quotation

**Notice No : NSMC/SQ/W03/080/81**

**Date Of Publication :- 2080-11-17 (2024-02-29 AD)**

1. Nepalgunj Sub-Metropolitan City Office Nepalgunj, Banke invites single stage Single envelope electronic bid from eligible bidders for the Construction of following works under National Competative Bidding Procedure.

| S. No. | Contract ID. No. | Description of Work | Estimated Amount (Without Vat, Contingency And PS.) | Bid Security Amount (NRs.) | Bidding Document Fee (NRs.) | Bid Vilidity/ Bid Security validity period | Last Date And Time of Bid Sumission | Date And Place of Bid Opening |
|---|---|---|---|---|---|---|---|---|
| 1. | NSMC/ SQ/ W03/ 080/81 | Jhagarpur dekhi molbipur purba jodne bato Starunnati Project | 13,15,335.58 | 35,000.00 | 1,000.00 | 75 days from the last date of bid submission | 2080/12/02 BS (2024-03-15 AD) 12:00 Noon | 2080/12/02 BS (2024-03-15 AD) 2:00 PM NSMC Office |

2. Account No. for Bid document Purchese

| Bank | Office Name | Revenue Account Number | Office Code |
|---|---|---|---|
| Rastriya Banijya Bank Ltd | Nepalgunj Sub Metropolitan Office, Banke | Nepalgunj U.Ma.Na.Pa (Ga-1-1) - Antarik 4130100301010002 | 1126165 |

Eligible bidders may obtain further information from (www.bolpatra.gov.np.egp) Website of Public procurement monitoring Office (PPMO).


## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reach-mond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञान्ज्योति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफच्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ११८२०० | प्रति तोला – ११७६५० | प्रति तोला – १३७५ |




**'मल्चिङ' प्रविधिमा आलुखेती** | काभ्रेपलाञ्चोकको पनौती–४ टौखालमा आधुनिक 'मल्चिङ' (छापो हाल्ने प्रविधि)मार्फत गरिएको आलुखेती । यो प्रविधि अपनाएर खेती गर्दा आलुमा लाग्ने रोग र कीरा कम हुनुका साथै उत्पादकत्व बढ्ने कृषक बताउँछन् । *तस्बिरः रासस*

# 'आत्मविश्वास बढाऔं, अब अर्थतन्त्र अगाडि बढ्छ'

■ प्रभाव संवाददाता



**नवलपरासी–** अर्थमन्त्री डा. प्रकाशशरण महतले व्यवसायीहरूलाई उच्च मनोबलका साथ लगानी गर्न अनुरोध गरेका छन् । नवलपरासी औद्योगिक व्यापार मेला तथा कृषि, पर्यटन व्यापार एवम् सूचना प्रवधिको बृहत् प्रदर्शनीको उद्घाटन गर्दै मन्त्री डा. महतले भने, 'आत्मविश्वास बढाऔं, अब अर्थतन्त्र अगाडि बढ्छ, अहिलेको जस्तो अवस्थामा रहँदैन । विस्तारै निर्माण क्षेत्रमा माग बढेको छ, सिमेन्ट, रडको माग बढेको छ, नीतिगत सुधारका धेरै काम भएकाले व्यवसायीहरू ढुक्क भएर लगानी गर्नुहोस् ।'

उद्घाटन कार्यक्रममा मन्त्री डा. महतले ब्याजदर घटेकाले विचार पुर्याएर ऋण लिने र लगानी गर्ने वातावरण बनेको बताउँदै उनले एउटाले फाइदा गरेको व्यवसायतिर सबै नलागी, नयाँ सम्भावनाको खोजी गर्न व्यवसायीहरूलाई आग्रह गरे ।

'अब अर्थतन्त्र ठीक बाटोमा जान्छ, राजश्व करिब १० प्रतिशतले वृद्धि भएको छ । पर्यटकले देश भरिभराउ छ, आउने दिनमा पर्यटकको आगमन अझ बढ्ने छ' मन्त्री डा. महतले भने, 'आत्मविश्वास जगाऔं, विचार पुऱ्याएर लगानी गरियो भने उत्पादन र रोजगारी बढ्छ । उत्पादन र रोजगारी बढेपछि राजश्व बढ्छ । राजश्व बढेपछि राज्यले बजेट दिने क्षमता बढ्छ । बजेटको क्षमता बढ्यो भने विकास निर्माणमा खर्च गर्न क्षमता बढ्छ ।' उले मूल्यवृद्धि पनि नियन्त्रणमा रहेको स्पष्ट पारे । मन्त्री डा. महतले भने, 'म अर्थमन्त्री भएका बेला मूल्यवृद्धि सालाखाला ८ प्रतिशतभन्दा माथि थियो, अहिले साढे ६ प्रतिशतभन्दा तल झरेको छ । यसले उपभोक्तालाई राहत दिन्छ ।'

उनले भने, 'भारतको आर्थिक वृद्धि दर अहिले संसारमै अगाडि छ । सबैको पालो आउँछ, अब आर्थिक वृद्धि गर्ने पालो हाम्रो आएको छ । यसका लागि देशप्रति गौरव गर्नुपर्छ र हामी गर्छौं, हामी गर्न सक्छौं भन्ने आत्मविश्वास जगाउनुपर्छ । नेपालमै हुन्छ, यही केही गर्न सकिन्छ भन्ने आत्मविश्वास बढाऔं ।'

उनले भने, 'तमाम कारणले गर्दा अर्थतन्त्रमा समस्या थियो, हामी सुधारको बाटोमा छौं । ब्याजदर छिट्टै एकलविन्दुमा झर्छ । अन्तर्राष्ट्रिय समस्या चर्केका बेला घरजग्गा र सेयर बजारमा अत्याधिक लगानी भयो । समस्या आएपछि नेपाल राष्ट्र बैंकले ऋण प्रवाह घटायो, ब्याज बढायो ।'

'एकथरिले सहकारी र लघु वित्त पीडितलाई उपयोग गरेर राजनीतिकको रोटी सेकाउन थालेका छन् । मेरो पछि लाग्यो भने ऋण तिर्नुपर्दैन, माफी पाइन्छ भनेर एकथरिले लघु वित्त पीडितलाई बोकेर हिडेका छन् । साँच्चै तिर्नुपर्दैन भनेर पीडित पनि पछि लागेर हिडेका छन्' मन्त्री डा. महतले भने, 'स्थानीयले पेट काटेर जम्मा गरेको पूँजी मासेर ऋण माफी दिन सकिँदैन । ऋण तिर्नुपर्दैन भन्ने समूहमा कोही लाग्नु हुँदैन । ऋण लिनेको मात्र होइन दिनेको पनि गल्ती छ । त्यसकारण ब्याजदर घटाइएको हो, पछिल्लो समय ब्याजदर घट्नेक्रममा छ ।'

'जसले ऋण लिएको छ, उहाँहरूलाई ब्याजदरमा राहत दिन सकिन्छ । ऋण तिर्नेलाई समय दिन सकिन्छ, त्यो राहत हो । ऋण लिएर तिर्दैतिर्दिन भन्न पाइँदैन । ऋण तिर्नलाई राहत दिन सकिन्छ, ऋण माफी गर्न सकिँदैन' मन्त्री डा. महतले भने, 'पहिलो धेरै ऋण लिनेहरू समस्यामा परेको हुनाले ब्याजदर घटेको छ । हिजो ऋण लिएकाहरूले अहिले ऋण लिन सक्ने स्थिति भएनन्, नयाँ ऋण लिन चाहनेहरूलाई पहिलाको समस्या देखेर तर्सिरहेका छन् । यही कारण बैंकमा तरलता भए पनि ऋण प्रवाह हुन सकेको छैन । तर विस्तारै यसमा सुधार आउँछ ।'

# मिटरब्याज र सहकारीपीडितका समस्या समाधानमा सरकार गम्भीर छ : प्रधानमन्त्री

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले मिटरब्याज (अनुचित लेनदेन) सहकारी, लघुवित्त पीडितका समस्या समाधान गर्न सरकार गम्भीरतापूर्वक लागिरहेको बताएका छन् । राष्ट्रियसभाको राष्ट्रिय सरोकार तथा समन्वय समितिको आजको बैठकमा प्रधानमन्त्री दाहालले सरकार पीडितप्रति गम्भीर भएकाले उच्चस्तरीय आयोग गठनका साथै ऐन निर्माण गरेर समाधानमा पहल गरिरहेको बताए । उनले यसै सन्दर्भमा केही मुद्दा अदालतले फुकाइदिनुपर्ने खालका भएकाले सरकारले अदालतलाई त्यसको संवेदनशीलतालाई ध्यान दिएर सहजीकरण गरिदिन आग्रह गर्ने बताए ।

प्रधानमन्त्री दाहालले भने, 'समस्या सरकारका कारणले नभई कानुनीरूपमा आएको छ । यो समस्याको समाधानका लागि अदालती प्रक्रिया पूरा गर्नुपर्ने हुन्छ । पुराना कागज र तमसुकका आधारमा भएका कारोबारमा कानुन पीडककै पक्षमा हुन सक्ने भएकाले यसको प्रकृतिअनुसार सरकार र अदालतले मिलेर समाधान गर्नुपर्नेछ ।' ती क्षेत्रका पीडितहरूले विभिन्न चरणका आन्दोलन गर्दै आएका छन् । प्रधानमन्त्री दाहालले ती विषयमा बुधबार नै सम्बन्धित निकाय र पक्षसँग वार्ता भएको पनि जानकारी दिए ।

समितिका सदस्यहरूको जिज्ञासाको जवाफ दिँदै प्रधानमन्त्री दाहालले काठमाडौं तराई मधेस दूतमार्ग निर्माणको सुरु विन्दुको जग्गा विवादमा सहमति नभए विकल्प खोजर निर्णय गर्ने, सुनकोसी मरिन डाइभर्सनको निर्माण अघि बढाइने, गोर्खा भर्तीमा रहेका नेपालीका समस्या समाधानका लागि पहल गर्ने, रुसका सेनामा अवैध बाटोबाट गएका नेपालीलाई चाँडो उद्धार गर्ने, निजामती कर्मचारी विधेयक पेस गर्नेलगायत विषयमा सरकारले योजना बनाएर काम गरिरहेको जानकारी गराएका थिए ।

प्रधानमन्त्री दाहालले समितिका निर्देशनहरू प्राथमिकतामा राखी आगामी १६औं योजना, सरकारका नीति तथा कार्यक्रम र बजेट तर्जुमा सम्बोधन गर्न सम्बन्धित निकायमा निर्देशन दिएको पनि अवगत गराए । उनले संसदमा बजेटको अभावमा काम हुन नसक्ने स्थितिको अन्त्यका लागि पनि अर्थ मन्त्रालयलाई अवगत गराइएको बताउँदै आगामी दिनमा त्यस्तो अवस्था हुन नदिने बताए ।

बैठकमा समितिका सभापति दिलकुमारी रावल (पार्वती) ले समितिले राष्ट्रिय सरकारका क्षेत्रमा दिएका निर्देशनहरू, तीन तहका सरकारबीचको समन्वय, राष्ट्रिय सम्पदा, मानव अधिकार, परराष्ट्र, पिछडिएका क्षेत्र, समुदाय, राष्ट्रिय गौरवका आयोजना, संस्कृति, राष्ट्रिय सुरक्षा र संवैधानिक अयोगलगायत विषयमा दिइएका निर्देशनबारे स्मरण गराएका थिए ।

# सामान्य अंकले घट्यो नेप्से परिसूचक

**काठमाडौं (प्रस)–** नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा सामान्य अङ्कको गिरावट देखिएको छ । नेप्से परिसूचक शून्य दशमलव ८७ अङ्कले घटेर दुई हजार दशमलव ७७ को विन्दुमा कायम भएको हो ।

तीन सय आठ कम्पनीको ५१ लाख १५ हजार छ सय ५८ कित्ता शेयर ४१ हजार छ सय ७९ पटक खरिदबिक्री हुँदा रू दुई अर्ब तीन करोड ८१ लाख नौ सय ७७ बराबरको कारोबार भएको छ । कारोबारमा ७१ कम्पनीको शेयर मूल्य बढेको छ भने एक सय ७० कम्पनीको शेयर मूल्य घटेको छ । सात कम्पनीको शेयर मूल्य स्थिर देखिएको छ । विशालबजार कम्पनी लिमिटेड, बोटलर्स नेपाल (बालाजु लिमिटेड) र बोटलर्स नेपाल (तराई) लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै गुमाउनेमा भने सामलिङ पावर कम्पनी लिमिटेडका शेयरधनीले छ दशमलव ६६ प्रतिशतका दरले गुमाएका छन् । कारोबार रकम र कारोबार भएका शेयर सफ्याका आधारमा सोनापुर मिनरल्स एण्ड आयल लिमिटेडको रू १२ करोड ६९ लाख ६५ हजार बराबरको दुई लाख ७७ हजार दुई सय २० कित्ता शेयर किनबेच भनेको छ ।

## विद्युतीय व्यापार विधेयकमा निजी क्षेत्रको सुझाव

**काठमाडौं (प्रस)–** नेपाल उद्योग परिसंघ, अमेरिकन चेम्बर अफ कमर्स नेपाल र नेपाल एसोसिएसन फर सफ्टवेयर एण्ड आइटी सर्भिसेस् कम्पनीज्ले विद्युतीय व्यापार विधेयकमा गरिनुपर्ने सुधारसम्बन्धी सुझाव सरकार र संसदीय समितिसमक्ष पेस गरेका छन् ।

परिसंघसहित तीन संस्थाका प्रतिनिधिले सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्मा र संसदीय शिक्षा, स्वास्थ्य तथा प्रविधि समितिका सभापति भानुभक्त जोशीसँग छुट्टाछुट्टै भेट गरी प्रस्तावित विधेयकमा गरिनुपर्ने सुधारसम्बन्धी सुझाव पेस गरेका हुन् । परिसंघको सूचना प्रविधि परिषद्का सभापति अजित विक्रम शाहसहितको टोलीले मंगलबार मन्त्री शर्मासँग भेट गरी विद्युतीय व्यापारसम्बन्धी व्यवस्था ल्याइनु सकारात्मक भए पनि विधेयकको परिभाषा, विद्युतीय व्यापार सम्बद्ध पक्षको दायित्व, सजायको व्यवस्था तथा अन्तर्राष्ट्रिय बजारमा पहुँचजस्ता प्रमुख पक्षमा स्पष्ट गर्न आग्रह गरेको छ । साविकमा भएको व्यवस्था, संशोधन गर्न प्रस्ताव गरिएको व्यवस्था र संशोधन गर्नुपर्ने कारणसहित खुलाई तीन महले ढाँचामा सुधार गर्नुपर्ने सुझाव उपलब्ध गराइएको छ ।

## मञ्जुश्री फाइनान्स र ग्यालेक्सी हस्पिटल पोखराबीच सम्झौता




**काठमाडौं (प्रस)–** मञ्जुश्री फाइनान्स लिमिटेड, पोखरा शाखा र ग्यालेक्सी हस्पीटल, पोखराका बीचमा सेवा सुविधा उपलब्ध गराउने सम्झौता भएको छ ।

सम्झौता बमोजिम यस मञ्जुश्री फाइनान्स लिमिटेडका सम्पुर्ण कर्मचारी तथा ग्राहकवर्गहरूलाई उक्त हस्पीटलबाट लिईने सम्पूर्ण प्रकारका सेवाहरूमा १५ प्रतिशतसम्म छुट पाउने सुविधा उपलब्ध गराईने भएकोले सो सुविधाको उपयोग गरि लाभान्वित हुन सम्बन्धित सबैलाई सूचित गरिन्छ ।

साथै, उक्त बिल भुक्तानी गर्दा यस वित्तिय संस्थाको मोवाइल बैंकिंग एप, डेविट कार्ड, वा नगद जुनसुकै माध्यमबाट गर्न सकिनेछ ।

यस मञ्जुश्री फाइनान्स लिमिटेड केन्द्रिय कार्यालयले, नयाँ बानेश्वर, काठमाडौंका साथै अन्य २६ वटा शाखामार्फत् नेपाल भरका प्रमुख शहरहरूमा बित्तीय सेवा पुऱ्याउँदै आएको छ ।

# प्राधिकरणको कमाई ६ महिनामै १५ अर्ब

**काठमाडौं–** सार्वजनिक संस्थानमध्ये सबल र सक्षम बन्दै गएको नेपाल विद्युत् प्राधिकरणले चालु आर्थिक वर्षको पहिलो छ महिनामा रु १५ अर्ब ३६ करोड बराबर नाफा कमाएको छ । प्राधिकरणको चालु आवको छ महिनाको वित्तीय विवरण (अपरिष्कृत) अनुसार यस अवधिमा विद्युत् बिक्री, ब्याज तथा अन्य आम्दानीबाट कूल रु ६७ अर्ब २८ करोड ७७ लाख आम्दानी गरेको हो ।

विद्युत् खरिद, प्रशासनिक, आयोजना लगायतमा जम्मा रु ५१ अर्ब ९२ करोड ७१ लाख खर्च भएको छ । प्राधिकरणको मुख्य आम्दानी र खर्च क्रमशः विद्युत् बिक्री र खरिद तथा आयोजनामा हुने गरेको छ । प्राधिकरणले समीक्षा अवधिमा रु १५ अर्ब ३६ करोड ६ लाख नाफा (करकट्टी गर्नुअघि) आर्जन गरेको छ ।

गत आर्थिक वर्ष २०७९/८० को सोही अवाधिमा प्राधिकरणको नाफा रु १० अर्ब ९१ करोड ६० लाख थियो । गत आवको पहिलो छ महिनाको तुलनामा प्राधिकरणको नाफा चालु आवको सोही अवधिमा रु चार अर्ब ४४ करोड ४६ लाखले बढी हो । गत आवको नाफा रु १२ अर्ब ३३ करोड थियो । आव २०७२/७३ मा रु आठ अर्ब ८९ करोड वार्षिक घाटामा रहेको प्राधिकरण त्यसपछिका वर्षबाट निरन्तर नाफामा छ ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले विद्युत् चुहावट नियन्त्रण, आन्तरिक रूपमा तथा भारतर्फको विद्युत् निर्यात बढ्दा आम्दानीमा वृद्धि भएको भन्दै खर्च नियन्त्रणलगायतले गर्दा चालु आवको पहिलो छ महिनामा उल्लेख्य नाफा कमाउन सफल भएको बताए ।

'बजेट सीमितताका कारण सरकारबाट लगानीका लागि पर्याप्त रकम पाउन सकिरहेका छैनौं । यस्तो जटिल अवस्थामा संस्थाले कमाएको नाफाबाट विद्युत् उत्पादन, प्रसारण र वितरणतर्फका पूर्वाधार विस्तार तथा सुदृढीकरण, विद्युतीकरणतर्फका आयोजनामा हरेक वर्ष अर्बौं रूपैयाँ लगानी गरिरहेका छौँ', कार्यकारी निर्देशक घिसिङले भने ।

विद्युत्मा आत्मनिर्भर बन्न, आन्तरिक रूपमा खपत बढाउन र उपभोक्तालाई गुणस्तरीय र भरपर्दो विद्युत् उपलब्ध गराउन उत्पादन, प्रसारण र वितरणतर्फका आयोजनामा आगामी वर्षमा रु १२ खर्बभन्दा बढीको लगानी आवश्यक पर्ने भन्दै नगद प्रवाहका लागि संस्थाको नाफाले नपुग्ने प्राधिकरणको बुझाइ छ ।

प्राधिकरणले चालु आवको छ महिनामा विद्युत् बिक्रीबाट रु ४५ अर्ब ४९ करोड ३८ लाख सङ्कलन गरेको छ । यस अवधिमा देशभित्रका ऊर्जा उत्पादकबाट र भारतबाट आयात गरी रु ३० अर्ब ४८ करोड ५८ लाखको विद्युत् खरिद गरिएको छ । प्राधिकरणका सहायक तथा सम्वद्ध कम्पनीबाट रु २८ अर्ब ४९ करोड ९६ लाख र भारतबाट रु एक अर्ब ९८ करोड ६२ लाखको विद्युत् आयात गरिएको हो ।

समीक्षा अवधिमा सरकारमार्फत विनियोजन गरिएको वैदेशिकतर्फ रु नौ अर्ब तीन करोड ८४ लाख खर्च भएको छ । १३ अर्बको विद्युत् निर्यात, दुई अर्बको आयात गरिएको जनाइएको छ । विद्युत् प्राधिकरणको चालु आवको पहिलो छ महिनामा रु १३ अर्ब ३८ करोड ५६ लाखको विद्युत् भारततर्फ निर्यात गरेको छ । सोही अवधिमा रु एक अर्ब ९८ करोड ६२ लाखको विद्युत् आयात गरिएको छ । प्राधिकरणले देशभित्र खपत गरी बचत भएको वर्षायामको विद्युत् भारततर्फ निर्यात गर्दै आएको छ । प्राधिकरणले आइएक्सको डे-अहेड बजारमा प्रतिस्पर्धामार्फत र मध्यकालीन विद्युत् सम्झौताबमोजिम भारतीय कम्पनी एनटिपिसी विद्युत् व्यापार निगमलाई बिक्री गरिरहेको छ । एनभिएनले उक्त विद्युत् हरियाणा राज्यमा बिक्री गरिरहेको छ ।

समीक्षा अवधिमा रु एक अर्ब ४७ करोड ६४ लाख युनिट विद्युत् निर्यात गरिएको छ । सुख्खायाम सुरुभएसँगै नदी तथा खोलानालामा पानीको बहाव घटेर जलविद्युत् आयोजनाको विद्युत् उत्पादन घटेपछि अहिले देशभित्रको आन्तरिक माग धान्न भारतबाट विद्युत् आयात भइरहेको छ । समीक्षा अवधिमा २२ करोड पाँच लाख युनिट विद्युत् आयात गरिएको छ । वर्षायाम सुरुभएसँग फेरि विद्युत् निर्यात सुरु हुने कार्यकारी निर्देशक घिसिङको भनाइ छ । *रासस*

अब मात्र एक क्लिकमा...

www.prabhabonline.com

facebook www.facebook.com/Prabhab Online

प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ